'नम्बरी सुन' मा नम्रताको प्रवेश पृष्ठ ४ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ • अंक १७४ • २०७९ साल मंसिर ३ गते शनिबार (19 November, Saturday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# मधेश प्रदेशका आठ जना मन्त्रीको भविष्य दाउमा

**टुडे समाचारदाता**

जनकपुरधाम । आइबार हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा मधेश प्रदेशका मुख्यमन्त्रीसहित आठ जना मन्त्रीको भविष्य दाउमा लागेको छ ।

निर्वाचनमा चार जना मन्त्री जनता समाजावादी पार्टी (जसपा)बाट उम्मेदवार छन् । मुख्यमन्त्री लाल बाबु राउत पर्सा निर्वाचन क्षेत्र १ को 'ख'बाट उम्मेदवार रहेका छन् । सोही दलका सप्तरी निर्वाचन क्षेत्र १ बाट प्रतिनिधिसभाका लागि सामाजिक विकास मन्त्री रहेका नवल किशोर साह, सप्तरीकै निर्वाचन क्षेत्र २ को 'ख'मा प्रदेशसभा सदस्य पदका लागि अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह, सिरहा निर्वाचन क्षेत्र २ को 'क'बाट भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री विजयकुमार यादव र सोही मन्त्रालयका राज्यमन्त्री योगेन्द्र राय यादवको भविष्य दाउमा लागेको छ । यादव रौतहट निर्वाचन क्षेत्र १ को 'ख'बाट उम्मेदवार छन् ।

त्यस्तै, नेकपा एकीकृत समाजवादी पार्टीबाट प्रदेशमा मन्त्री बनेका दुई जना चुनावी मैदानमा छन् । सिरहा निर्वाचन क्षेत्र ३ को 'ख'मा कानून न्याय तथा प्रदेशसभा मामिला मन्त्री प्रमोद कुमार यादव र धनुषा निर्वाचन क्षेत्र ४ को 'ख'बाट उद्योग पर्यटन तथा वन मन्त्री शत्रुधन महतोको पनि भविष्य दाउमा छ । नेकपा माओवादी केन्द्रबाट गृह तथा सञ्चार मन्त्री रहेका भरतप्रसाद साह पनि महोत्तरी निर्वाचन क्षेत्र १ को 'ख'मा उम्मेदवार छन् ।

प्रदेशमा पहिले चार दलको संयुक्त सरकार थियो । तर संघमा जसपाका मन्त्रीहरुलाई काँग्रेस नेतृत्वको सरकारले बर्खास्त गरेपछि मधेश प्रदेशमा पनि मुख्यमन्त्री राउतले काँग्रेसका तीन मन्त्रीलाई बर्खास्त गरेका थिए । अहिले प्रदेशमा तीन दलको सरकार छ । र यी तीन दलका आठ मन्त्रीहरुको भविष्य आइतबार हुने चुनावसँग जोडिएको छ ।

> *अहिले प्रदेशमा तीन दलको सरकार छ । र यी तीन दलका आठ मन्त्रीहरुको भविष्य आइतबार हुने चुनावसँग जोडिएको छ ।*

अहिले मधेश प्रदेशमा ३२ प्रतिनिधिसभा र ६४ प्रदेशसभा सदस्य पदका लागि चुनाव हुँदै छन् । प्रदेशमा समानुपातिकतर्फ ४३ सिट छन् । एक सय सात सिटको लागि हुन गइरहेको निर्वाचनमा प्रत्यक्षतर्फ एक हजार सात र समानुपातिकतर्फ आठ सय ६३ जना उम्मेदवार छन् । यी मध्ये ९ सय ३२ जना पुरुष, ७४ जना महिला र एक जना अन्य उम्मेदवार छन् । मधेश प्रदेशमा ३६ लाख ८६ हजार ६ सय २८ जना कुल मतदाता रहेका छन् । सो मध्ये १८ लाख २७ हजार आठ सय ५४ पुरुष, १५ लाख ५८ हजार सात सय चार महिला र ७० जना अन्य मतदाता छन् । प्रदेशमा चार हजार दुई सय ३५ मतदान केन्द्र र दुई हजार एक सय ५६ मतदान स्थल रहेको छ । मधेश प्रदेशमा २ सय १२ सामान्य मतदान केन्द्र, ८ सय ८८ संवेदनशील मतदान केन्द्र र १ हजार ६३ अति संवेदनशील मतदान केन्द्र निर्धारण गरिएको छ । सोही अनुसार सुरक्षा व्यवस्था पनि मिलाइएको छ । प्रमुख निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयहरुमा पनि सुरक्षाकर्मी परिचालन गरिएको छ ।

प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा (सशस्त्र प्रहरी नायब उपरीक्षक) डिएसपीको नेतृत्वमा सुरक्षा बेस बनाइएको छ भने प्रदेश सभा निर्वाचन क्षेत्रमा प्रहरी निरीक्षकको नेतृत्वमा स्ट्राइकिङ् बेसलाई परिचालन गरिएको छ । डिआईजी दिनेश ठडा मगरका अनुसार प्रत्येक निर्वाचन क्षेत्रमा सई र असईको नेतृत्वमा ६ वटा मोवाइल टोली र मोवाइल टोलीको सहयोगका लागि ५ वटा क्वीक रियाक्सन टोली (क्युआरटी) परिचालन गरिएको छ ।

सशस्त्र प्रहरी नायब उपरीक्षक (डिएसपी) को नेतृत्वमा सिरहा र सप्तरीका लागि १ वटा, धनुषा र महोत्तरीका लागि १ वटा, सर्लाहीका लागि १ वटा रौतहटको लागि १ वटा र बारा र पर्साका लागि १ वटा गरेर ५ वटा क्युआर टिम परिचालन गरिएको छ । आपतकालीन अवस्थाका लागि बाहिनीमा १ वटा टिमलाई स्ट्यान्ड बाई राखिएको डिआईजी मगरले बताए । सूचना संकलन, साना हतियार लगायत, अपराध नियन्त्रणका लागि स्पेशल स्मार्ट टिम पनि विभिन्न स्थानमा खटाइएको उनले बताए ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

प्राविधिक शिक्षा भविष्यको सुरक्षा

CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।

विशेषताहरू :

१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)

फाराम भर्ने अन्तिम मिति २०७९ मंसिर ८ गते सम्म

विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हास्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851







# घरेलु मदिरा नष्ट



टुडे समाचारदाता

महोत्तरी। प्रहरीले महोत्तरीमा बिक्री वितरण भइरहेको घरेलु मदिरा नष्ट गरेको छ। जिल्लाको बर्दिबास नगरपालिकाको विभिन्न स्थानमा बिक्री वितरण भइरहेको १ सय ८० लिटर मदिरा प्रहरीले नष्ट गरेका छन्।

मदिरा बिक्री वितरण गर्न निषेध रहेको अवस्थामा विभिन्न होटलमा बिक्री भइरहेको मदिरा जनप्रतिनिधि र स्थानीयको रोहवरमा नष्ट गरिएको इलाका प्रहरी कार्यालय बर्दिबासका प्रमुख प्रहरी नायव उपरीक्षक रवि रावलले जानकारी दिए।

निर्वाचन अवधिभर कुनै पनि अवाञ्छित क्रियाकलाप नहुन भन्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालयमा यसअघि नै मदिरा बिक्री वितरण र ओसारपसारमा पूर्ण रूपमा रोक लगाइसकिएका छन्।

# ढुक्क भएर मताधिकार प्रयोग गर्न गृहको आग्रह

काठमाण्डु। गृह मन्त्रालयले यही मङ्सिर गते हुने निर्वाचनमा ढुक्क भएर मतदान गर्न आममतदातालाई आग्रह गरेको छ। भौतिक तथा हिंसात्मक गतिविधिमा संलग्न जोकोहिमाथि कडा निगरानी राखिएको उल्लेख गर्दै मन्त्रालयले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन हुने विश्वास दिलाएको छ।

निर्वाचनको पूर्व तयारीबारे मन्त्रालयद्वारा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा गृह प्रवक्ता विनोद प्रकाश सिंहले कर्मचारी, मतदाता र मतपत्रको सुरक्षामा खतरा पुऱ्याउने व्यक्ति दल/समूह र सङ्गठनमाथि कडा निगरानी राखिएको बताउनुभयो। उहाँले भन्नुभयो, "विगतभन्दा धेरै राम्रो निर्वाचन सुरक्षा व्यवस्था गरेका छौँ। सम्पूर्ण मतदातालाई उत्साहपूर्वक मताधिकार प्रयोग गर्न अनुरोध गर्दछु।

मन्त्रालयको सुरक्षा तयारीबारे जानकारी दिँदै उहाँले भन्नुभयो, "केही दिन यता केही हिंसात्मक गतिविधिहरू देखिएका छन्। यस्ता खालका गतिविधिमा संलग्न व्यक्ति, समूह र सङ्गठनप्रति हामी 'शून्य सहनशीलता' मा छौँ। हामीले सूक्ष्म अनुगमन र कडा निगरानी गरिरहेका छौँ।

प्रवक्ता सिंहका अनुसार मतदान केन्द्र नजिक नौ सय तीन स्थानमा नेपाली सेनाको बम बिस्फोटक टोली खटाइएको छ। इजाजत प्राप्त र अवैध दुई हजार २५ थान हातहतियार सङ्कलन भएको छ। चालीस वटा स्थानमा हेलिकप्टरबाट मतपत्र ढुवानी गर्ने व्यवस्था गरिएको छ। यस्तै नेपाली सेनाको हेलिकप्टर इटहरी, बर्दिवास, पोखरा र सुर्खेतमा तयारी अवस्थामा राखिएको छ भने हवाई गस्ती समेत गरिरहेको छ।

गृह मन्त्रालयका अनुसार देशभर अहिले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र म्यादी प्रहरी गरी दुई लाख ९८ हजार पाँच सय ७९ जनशक्ति परिचालित भएका छन्। मतदानस्थलको संवेदनशीलताअनुसार सुरक्षाकर्मी परिचालन गरिएको छ।

# कार्यकर्ताबीच झडप, पाँच घाइते

टुडे समाचारदाता

जलेश्वर। महोत्तरीमामाओवादी केन्द्र र एमाले कार्यकर्ताबीच झडप भएको छ। महोत्तरीको रामगोपालपुर नगरपालिकाबाट मदिरा सेवन गरेर सम्सीपुगेका एमालेका कार्यकर्ताले आक्रमण गरेको स्थानीयले बताएका छन्।




स्थानीय रामभुषण साहले एमाले कार्यकर्ताको कुटाइबाट पाँच जना घाइते भएका छन्। 'मदिरा सेवन गरेका युवाहरुले भोट एमालेलाई नै हाल्नुपर्ने धम्की गर्दै आक्रमण गरे,' पीडित अनिल मण्डलले भने।

आक्रमणमा परी घाइते हुनेमा अनिल मण्डल, रामदेरस मण्डल, रामदुलारी मण्डल, राधिका मण्डल, रायवीर मण्डल छन्। उनीहरुमध्ये एकजनाको भारतको सीतामढी र अन्य चारजनाको रामगोपालपुरको स्थानीय स्वास्थ्य चौकीमा उपचार भइरहेको प्रहरीले जनाएका छन्। रामगोपालपुरका विजय यादव, रामवली यादव, अनिल यादव र रामो यादवको नेतृत्वमा झन्डै ४० जना युवा सम्सीको लक्ष्मीनिया प्रवेश गरेर कुटपिट गरेको स्थानीयको भनाइ छ।

एमाले जिल्ला इन्चार्ज सरोज यादवले घटनाको विषयमा आफूलाई जानकारी नभएको बताए। माओवादीले भने घटनाको भत्सर्ना गरेको छ। माओवादीका जिल्ला इन्चार्ज राजु खड्काले घटना निन्दनीय भएको बताए।

# 'औषधि, खानपान र व्यायामको सन्तुलनले मधुमेह नियन्त्रणमा आउनसक्छ'

चितवन। मधुमेहका बिरामीहरुले औषधि, खानपान र व्यायामको सन्तुलन कायम गर्नसकेमा लामो आयु जीउन सक्ने चिकित्सकले बताएका छन्।





स्वस्थ खानपान र नियमित व्यायामले मधुमेह रोगबाट बच्न सकिने जनाउँदै उहाँहरुले मधुमेह भइसकेपछि पनि औषधि, खानपान र व्यायामको सन्तुलन मिलाएर सहज जीवनयापन गर्न सकिने सुझाव दिनुभयो।

चितवन मेडिकल कलेजका इन्डोक्राइमोलोजिष्ट (हर्मनरोग विशेषज्ञ) डा सौरव खतिवडालेमधुमेहवयस्कमानिसलाई मात्रै नभएर युवालाई पनि लाग्ने जनाउँदै जीवनशैली परिवर्तन गरेर सहज जीवनयापन गर्नुपर्छ भन्नुभयो। औषधि, खानपान र व्यायामले मधुमेहलाई नियन्त्रणमा राख्न सकिने उहाँले सुझाव दिनुभयो। "गर्भावस्था, शल्यक्रियाको समय र अन्य औषधिका कारणले हुने मधुमेह पछि निको भएर जाने भए पनि यीबाहेकका प्रायः मधुमेह पूर्णरुपमा निको हुँदैनन्।" उहाँले भन्नुभयो, "यो बढ्दै जाने रोग हो। यसलाई औषधि, खानपान र व्यायामले नियन्त्रणमा राख्न सक्छौं।"

उहाँका अनुसार नेपालका १० देखि २० प्रतिशत जनसङ्ख्यामा मधुमेहको समस्या रहेको अनुमान गरिएको छ। मधुमेहका बिरामी आफैं सचेत भएर रोगलाई नियन्त्रणमा राख्नुपर्ने बताउँदै डा खतिवडाले भन्नुभयो "खानपानलाई नियन्त्रणमा राख्नुपर्छ, व्यायाम गर्नुपर्छ, औषधि नियमित खानुपर्छ।"

औषधि र इन्सुलिन लिइरहनुभएका बिरामीले सही तरिकाले औषधि खान र इन्सुलिन लगाउन उहाँले सुझाव दिनुभयो। डा खतिवडाले भन्नुभयो, "चिनीको मात्रा उच्च वा न्यून भयो भने के कारणले यस्तो भएको हो भन्ने कुरा पत्ता लगाउनुपर्दछ।"

मधुमेहका बिरामीले पनि सामान्य एकजना व्यक्तिले खाने सन्तुलित खाना नै खान सक्ने बताउँदै डा खतिवडाले भन्नुभयो, "खानामा कार्बोहाइड्रेडको मात्रा नियन्त्रणमा राख्नुपर्छ। मुख्यरुपमा सजिलै चिनी निस्किने खालको कार्बोहाईड्रेड नभएको खाना खानुपर्छ। बिहान, दिउँसो र बेलुकीको खानामा म यति कार्बोहाइड्रेड भएको खान्छु भन्ने निश्चित गर्नुपर्दछ। कहिले बढी खाने कहिले कम खाने गर्नु हुँदैन।" मधुमेहका बिरामीलाई दुईदेखि तीन पटक अन्न खान सुझाव दिँदै उहाँले अन्य समयमा पनि थोरैथोरै तर कम अन्नयुक्त खानेकुरा खान सुझाउनुभयो।

कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पताल (पुरानो मेडिकल कलेज) भरतपुरका कन्सल्टेन्ट फिजिसियन डा देवनारायण जैसीले मधुमेहका बिरामीलाई पनि शरीरमा सुगरआवश्यक पर्ने बताउनुभयो। उहाँले मधुमेहका बिरामीको शरीरमा पनि सुगर चाहिने तर आवश्यकताभन्दा बढी हुन नहुने बताउनुभयो। उहाँले भन्नुभयो "मधुमेहका बिरामीको शरीरलाई सुगर चाहिँदै नचाहिने भन्ने होइन, तर आवश्यकताभन्दा बढी हुनु हुँदैन। सुगर भनेको शरीरका लागि इन्धन हो।" सुगरको मात्रा बढी भएर शरीरले त्यसको व्यवस्थापन गर्न नसकेपछि समस्या आउने उहाँले बताउनुभयो।

पहिलेपहिले ४० वर्षपछि मधुमेह रोग देखिन्छ भन्ने गरिएको भए पनि हिजोआज जीवनशैलीमा परिवर्तन आएपछि कम उमेरमै मधुमेह देखिन थालेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो "खानपानका कारण कलिलो उमेरमै मोटोपनको समस्या, व्यायाम नगर्ने जस्ता कारणले हिजोआज २५-३० वर्षदेखि नै मधुमेहको समस्या देखिने गरेको छ। यसको मुख्य कारण जीवनशैली नै हो।"

बुबाआमालाई मधुमेह छ भने त्यस्तो व्यक्तिलाई मधुमेह हुने सम्भावना बढी हुने जनाउँदै उहाँले अनियन्त्रित रुपमा बाहिरी खाना धेरै खाने, व्यायामको कमी हुने व्यक्तिहरुलाई मधुमेह हुने सम्भावना पनि बढी हुने बताउनुभयो।

धेरैजसो मधुमेहको समस्या नियन्त्रण गर्न सकिने बताउँदै उहाँले भन्नुभयो, "घरमा तयार पारिएको सन्तुलित खाना ठिक्क मात्रामा खाने, जङफुड नखाने, बोसो र चिल्लोयुक्त खाना नखाने, नियमित व्यायाम गर्ने हो भने धेरैजसो मधुमेहबाट बच्न सकिन्छ।"

मधुमेह लागिसकेपछि शरीरको तौल घट्दै जाने जनाउँदै उहाँले भन्नुभयो, "पटक पटक पिसाब लाग्नु, धेरै भोक लाग्नु, मुख सुक्दै जानु, हातखुट्टा झम्झमाउनु, कमजोर महसुस हुनु भनेको मधुमेहका लक्षण हुन्। यस्तो लक्षण देखिएमा तुरुन्त रगत परीक्षण गराउनुपर्दछ।"

गर्भवतीलाई पनि मधुमेहको जोखिम हुने डा जैसीको भनाइ छ। उहाँले भन्नुभयो, "हामीले २४ देखि २८ हप्ताको बीचमा गर्भवतीको मधुमेह परीक्षण गर्ने गर्दछौं। गर्भवती हुनुभन्दा पहिले नै तौल बढी छ, मोटोपना छ, यसभन्दा पहिलाको गर्भावस्थामा पनि मधुमेह भएको छ भने दोस्रो गर्भावस्थामा मधुमेह हुने सम्भावना बढी हुन्छ।" गर्भावस्थाको सुरुआती चरणदेखि नै मधुमेह परीक्षण गराउन उहाँले सुझाव दिनुभयो।

## सप्तरीमा सुरक्षा व्यवस्था चुस्त

राजविराज। आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई मध्यनजर गर्दै सप्तरीमा सुरक्षा व्यवस्था चुस्त पारिएको छ।

जिल्लामा एक हजार छ सय ३७ नेपाल प्रहरी, तीन हजार दुई सय ७८ म्यादी प्रहरी, प्रत्येक पालिकमा दुई घुम्ती टोली र मतदानस्थलको घेराको सुरक्षा गरिएको प्रहरी उपरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभयो।

चार निर्वाचन क्षेत्रमा प्रहरी नायब उपरीक्षकको कमान्डमा सुरक्षाकर्मी परिचालन गरिएको उहाँले बताउनुयभो। प्रहरीको गस्ती टोलीले सीमानाका विभिन्न स्थानमा सञ्चालनमा रहेका अवैध मदिरा भट्टीका साथै नेपाल-भारतको खुला नाकाका कारण हुनसक्ने आपराधिक क्रियाकलापलाई रोक्न सवारी जाँचमा पनि कडाइ गरेको छ। निर्वाचनलाई लक्षित गरी सवारी जाँचलाई कडाइसमेत गरिएको छ। प्रहरी नायब उपरीक्षक नरेश सिंहले उम्मेदवार र मतदाताको सुरक्षा व्यवस्था मिलाइएको बताउनुभयो।रासस

# नेपाल एयलाइन्सको आन्तरिक उडान ठप्प

काठमाण्डु। नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को आन्तरिक उडानमा रहेको ट्वीनअटर जहाजमा प्राविधिक समस्याका कारण उडान प्रभावित भएको छ।





काठमाडौँबाट भोजपुर उडेको जहाजमा प्राविधिक समस्या देखिएपछि बीचबाटै फर्काइएको निगमका प्रवक्ता अर्चना खड्काले जानकारी दिनुभयो। जहाजमा १५ जना सवार थिए।

आन्तरिक उडानमा उडानयोग्य एक मात्रै जहाजमा प्राविधिक समस्या आएपछि निगमका सम्पूर्ण आन्तरिक उडान रद्द भएका छन्। जहाज ग्राउन्डेड भएपछि शुक्रबार र शनिबार निर्धारित उडान समेत रद्द भएको छ। गन्तव्यमा जान नपाएका यात्रुको भाडा फिर्ता गरिने निगमले जनाएको छ।

निगमसँग आन्तरिक उडानमा तीन थान ट्वीनअटर जहाज रहेकामा एउटा जहाज मर्मत नै गर्न नसकिने अवस्थामा छ र अर्को जहाज लामो समयदेखि प्राविधिक मर्मतमा रहेको निगमले जनाएको छ।

# कृषि मन्त्रालयको त्रैमासिक समीक्षा : बजेट खर्च साढे २३ प्रतिशत, कृषि उपजको आयात घट्यो

काठमाण्डु। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले चालु आर्थिक वर्ष २०७९/८० को पहिलो तीन महिना अवधिमा गरेका कामको समीक्षा गरेको छ। कृषि मन्त्रालयले यही बुधबार मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (एमडेक) बैठकमा प्रथम त्रैमासिक समीक्षा प्रतिवेदन प्रस्तुत गरेको थियो।

चालु आवका लागि कृषि तथा पशुपन्छी मन्त्रालयका लागि रु ५५ अर्ब ८९ करोड बजेट छुट्याएको थियो। पहिलो त्रैमासिक अवधिमा रु १३ अर्ब २० करोड बराबर बजेट खर्च भएको मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सन्जेलले जानकारी दिनुभयो। यो अवधिमा मन्त्रालयले चालुतर्फ रु १३ अर्ब आठ करोड दुई लाख ३८ हजार र पुँजीगततर्फ रु १२ करोड ४९ लाख ८९ हजार बराबर मात्रै खर्च गरेको प्रथम त्रैमासिक समीक्षा प्रतिवेदनमा देखिन्छ।

त्यस्तै, गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको पहिलो त्रैमास अवधिमा कृषि उपजको आयात ३२ प्रतिशतले घटेको छ। "चालु आर्थिक वर्षको असोज मसान्तसम्ममा रु ६९ अर्ब १६ करोड बराबरको कृषि उपज आयात भएको छ। जबकि गत आवको पहिलो त्रैमासिक अवधिमा रु एक खर्ब १६ करोड बराबरको कृषि उपज आयात भएको थियो। मन्त्रालयको समीक्षा प्रतिवेदनमा उल्लेख छ।

मन्त्रालयको गत आर्थिक वर्षसम्ममा फछ्र्योट हुन बाँकी रहेको बेरुजु रु आठ अर्ब २० करोड ४७ लाख ७७ हजार रहेको थियो। पछिल्लो तीन महिनामामा रु ९२ करोड ७३ लाख ४६ हजार फछ्र्योट भएर अहिले रु सात अर्ब २७ करोड ७४ लाख ३१ हजार बेरुजु कायम रहेको पनि मन्त्रालयले जनाएको छ। त्यस्तै कृषि तथा पशुपन्छी मन्त्रालयमा आएका ४६ दशमलव ७३ प्रतिशत गुनासो फछ्र्योट भएका छन्।

स्वीकृत वार्षिक कार्यक्रम र बजेटको त्रैमासिक विभाजनमा फरक पर्दा निकासामा समस्या भएकाले बजेट खर्च कम देखिएको पनि मन्त्रालयले जनाएको छ। "पूरक अनुदान कार्यक्रमअन्तर्गत विभिन्न समूह र सहकारीबाट भुक्तानीका लागि कागजात पेश हुन नसक्नु, कर्मचारी अभाव, निर्वाचन आचारसंहितालगायत कारणले बजेट खर्च लक्ष्यअनुरुप हुन सकेको छैन, प्रतिवेदनमा भनिएको छ।

चालु आर्थिक वर्षका लागि रासायनिक मल खरिद गर्न रु १५ अर्ब निकासा भएकोमा असोज मसान्तसम्ममा रु १० अर्ब ७७ करोड बराबरको मल आयातका लागि रकम निकासा भइसकेको पनि मन्त्रालयले जनाएको छ।रासस


## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता। |
| बृष | : धन बृद्धि सञ्चय। |
| मिथून | : भ्रमण अवसर हुने। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : वाद विवादबाट बच्नु। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : नयाँ कार्य हुने। |
| वृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : शिक्षामा उन्नति। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : सुख समृद्धि हुने। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# आपसी साझेदारी, समन्वय, सहकार्य र अन्तरसम्बन्धबाट निर्वाचन सफल हुनेछ : प्रमुख आयुक्त थपलिया

लोकतान्त्रिक प्रणालीलाई जीवन्त बनाउने एक महत्वपूर्ण र अनिवार्य आयामका रूपमा रहेको आवधिक निर्वाचनको सम्पूर्ण तयारीमा मुलुक उभिएको छ। स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र भयरहित वातावरणमा निर्वाचन गराउने दायित्वमा निर्वाचन आयोग, नेपाल सरकार, कर्मचारी, सुरक्षाकर्मी, पर्यवेक्षक, सम्बद्ध पक्ष र आम मतदाता जुटिरहेका छन् ।

निर्वाचनको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशनको संवैधानिक जिम्मेवारी बोकेको निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया निर्वाचनको निष्ठा जोगाउन पद, पैसा र प्रलोभनबाट नभई सिद्धान्त, विचार र नीति कार्यक्रमका आधारमा दल र उम्मेदवारले जित्नुपर्छ भन्नेमा दृढ हुनुहुन्छ। आपसी साझेदारी, समन्वय, सहकार्य र अन्तरसम्बन्धबाट निर्वाचन सफलतापूर्वक सम्पन्न हुने विश्वासमा रहनुभएका नेपाल सरकारको सचिवको अनुभवप्राप्त प्रमुख आयुक्त थपलियासँग यही मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको समग्र तयारी र व्यवस्थापनका सन्दर्भमा नारायणप्रसाद न्यौपाने र वरिष्ठ समाचारदाता प्रकाश सिलवालले गर्नुभएको कुराकानीको सम्पादित अंश :

**प्र. मुलुक निर्वाचनको सम्मुखमा रहेकाबेला राजनीतिक दल, उम्मेदवार र आम मतदातालाई के आह्वान गर्न चाहनुहुन्छ ?**

- निर्वाचनका लागि निर्वाचन आयोगले आवश्यक सम्पूर्ण तयारी पूरा गरिसकेको र यही मङ्सिर १ गते राति १२ बजेदेखि निर्वाचन प्रचारप्रसार रोकिइसकेको अवस्थामा सबै राजनीतिक दल, उम्मेदवार, मतदातासहित सबै सरोकारवाला मङ्सिर ४ गतेको मतदानको दिनलाई अर्जुनदृष्टि लगाएर बसिरहनुभएको छ । निर्वाचनमा निर्भिकतापूर्वक सबै मतदातालाई सहभागी हुन तथा राजनीतिक दल र उम्मेदवारले अहिलेसम्म अपनाउनुभएको संयमतालाई कायमै राखी साँच्ची नै निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सबैको आपसी साझेदारी, समन्वय सहकार्य र अन्तरसम्बन्धबाट आवश्यक छ, त्यही भएमा निर्वाचन शान्तिपूर्णरूपमा सम्भव छ भन्ने उदाहरण विश्वसमुदायलाई पनि प्रस्तुत गरिदिन म आग्रह गर्छु ।



**प्र. निर्वाचनको तयारीका हिसाबले अघिल्ला निर्वाचनको तुलनामा यसपटक अनुपम र उदाहरणीय काम के कस्ता भएका छन् ?**

- अहिले हाम्रो ध्यानदृष्टि भनेको छ महिनाअघि सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा जे जस्ता समस्या भोगिएको थियो वा कमजोरी भएको थियो, त्यो यस निर्वाचनमा आउन हुँदैन भन्नेतर्फ छ । विगतका निर्वाचनमा भन्दा यसमा मतदाता नामावलीको शुद्धतादेखि छिटो मतपरिणाम दिने तयारीसम्ममा केही न केही नयाँपन र गुणात्मक फड्को मार्ने गरी काम गर्ने प्रयत्न गरिएको छ । उदाहरणका लागि, मतदाता नामावलीमा दोहोरिएका र मृतकहरूको नाम आयोगलाई प्रक्रियागतरूपमा जानकारीमा आएसम्म हटाइएको छ । स्थानीय तहको निर्वाचनमा कतिपय मतदान स्थल र मतदान केन्द्र जो अलि पहुँचयोग्य भएनन् भन्ने गुनासो थियो । अहिले सकेसम्म सबै केन्द्र मतदाताको घरदैलो नजिक पुऱ्याउन प्रयत्न गरिएको छ । पहुँचयोग्य भनिएको छ ।

**प्र. मतदान केन्द्र अपाङ्तामैत्री भएन भन्ने विगतका गुनासालाई कसरी सम्बोधन गरिएको छ ?**

- यसतर्फ हामी सचेत र गम्भीर छौँ । मतदान केन्द्र निर्माण गर्दा लैंगिक समावेशी, अपाङ्गतामैत्री तथा सुत्केरी, गर्भवती, ज्येष्ठ नागरिक, बिरामी र अशक्त मतदाताका लागि सहज हुने गरी बनाउन आयोगले निर्देशन दिएको छ । साथै, करिब ३०० मतदान केन्द्रलाई सम्पूर्णरूपले अपाङ्तामैत्री कस्तो हुन्छ भनेर देखाउने गरी नमूना कार्य प्रारम्भ गरिएको छ ।

**प्र. निर्वाचनमा आयोगबाट सामाजिक सञ्जाल नियमनको नयाा केही कार्य प्रारम्भ गरिएको देखिएको छ, यसको कार्यान्वयनका चुनौती कस्ता छन् ?**

- निर्वाचनका क्रममा पहिलो पटक सामाजिक सञ्जालको नियमनको कार्य हामीले प्रारम्भ गरेका छौँ । यसले मिथ्या सूचना, दुष्प्रचार र घृणास्पद अभिव्यक्तिले निर्वाचनलाई दूषित पार्ने कुनै पनि कार्य ग्राह्य हुँदैन भन्ने नयाँ मानक आचारसंहितामै स्थापित गरिएको छ । सडकका भित्ता रङ्गाएर होइन, फेसबुक र अरु सामाजिक सञ्चालका भित्तामा लेखेर पनि निर्वाचनको प्रचारप्रसार गर्न सकिन्छ भन्ने मूल्यमान्यता स्थापित गर्न पनि यो निर्वाचन सफल भएको छ । निर्वाचन प्रचारप्रसारको कार्य यसपटक साँच्ची नै वातावरणमैत्री छ भन्न सकिने अवस्था स्थापित गरिएको छ ।

**प्र. मतदानका दिन यातायातका सवारी साधन सञ्चालनमा केही खुकुलो गर्न खोजिएको हो ?**

- मतदानका दिन पनि बढीमात्रमा आमसञ्चारमा संलग्न पत्रकार तथा अन्य पेशा व्यवसायी र रोजगारमा रहेका व्यक्तिको आवागमनलाई जिल्लास्तरबाटै व्यवस्थित र सजिलो बनाऔँ भन्ने आयोगको धारणा हो । आवागमनलाई निर्वाचनको निष्पक्षतासँग जोडेर अघि बढौँ भनेर यसको प्रक्रिया पनि प्रारम्भ गरिएको छ । अशक्त, ज्येष्ठ नागरिकजस्ता मतदाताका लागि मतदानस्थल र घरसम्म आउन जानका लागि पनि सवारीसाधनको सहजीकरण गर्न भनिएको छ ।

**प्र. स्थानीय निर्वाचनमा ठूलो आकारको मतपत्रका कारण धेरै सङ्ख्यामा मत बदर भएको थियो, यस पटक त सुधार आउछ कि ?**

- मतपत्रसम्बन्धी उठेको प्रश्नलाई यस निर्वाचनमा सम्बोधन गरिएको छ । अहिलेको मतपत्र धेरै सजिलो छ, सहज ढङ्गले मतदान गर्न सकिन्छ, बदर मत प्रतिशत घट्छ भन्ने विश्वास छ ।

**प्र. दल र उम्मेदवारको निर्वाचन खर्चको अनुगमन कसरी भइरहेको छ ?**

- निर्वाचन आचारसंहिता र खर्चको सीमाको विषय पनि राजनीतिक दल र सबै सरोकारवाला छलफल गरी सकेसम्म व्यवहारिक बनाउन प्रयत्न भएको छ । कुनै पनि निर्वाचन तडकभडक गरेर होइन, साँच्ची नै आफ्ना नीति, विचार, सिद्धान्त जनसमक्ष पुऱ्याएर सहज ढङ्गले निर्वाचनलाई अघि बढाउनुपर्छ भन्ने सैद्धान्तिक अवधारणा स्थापित भएको हुनुपर्छ । दल र उम्मेदवारको निर्वाचन खर्चको हद निर्धारण गरेर सबैलाई जानकारी गराइएको छ । त्यसको अनुगमनका लागि सुरक्षा निकायसमेतलाई आग्रह गरेका छौँ । निर्वाचनपछि दलहरूले बुझाउने खर्चको विवरणमा हामीले अवश्यकताअनुसार लेखापरीक्षण पनि गराउनेछौँ ।

**प्र. निर्वाचन आचारसहिता पालनामा दल र उम्मेदवार यसपटक अलि बढी सकारात्मक देखिएका हुन् ?**

- आचारसंहिता हामी आफैँले पालना गर्नुपर्छ भन्ने सन्देश यस निर्वाचनले दिएको छ । तुलनात्मकरूपले अबका कुनै पनि निर्वाचन पद, पहुँच, प्रतिष्ठा, प्रलोभन, पैसाजस्ता कुराले प्रभावित हुने छैनन् । त्याग, निष्ठा, सिद्धान्त, विचार, घोषणापत्र, कार्यक्रम, इमानजस्ता विषयले निर्वाचनलाई निर्धारण गर्नेछ भन्नेतर्फको मार्गदर्शन भएको अनुभव गरेका छौँ । हामीले पात्र मात्र परिवर्तन गर्ने होइन, अवस्था परिवर्तन गर्नेतर्फ पनि सोच्नुपर्छ भन्ने सोचाइ यस निर्वाचनले स्थापित गरेको छ । अर्को विषय भनेको मुलुकमा आवधिक निर्वाचन तोकिएकै समयमा गरिनुपर्छ, अन्यथा मुलुक र जनताले त्यसको मूल्य थेग्न सक्दैनन् भन्ने मानक पनि कायम भएको छ ।

**प्र. आयोगले निर्वाचनलाई व्यवस्थितरूपले अघि बढाउन राजनीतिक दल, सरकार र अन्तर ाष्ट्रिय जगतबाट कस्तो किसिमको सहयोग पाएको छ ?**

सबैभन्दा पहिला नेपाल सरकारबाट निर्वाचनको मिति तोक्नेदेखि आयोगका निम्ति आवश्यक पर्ने नीति, नियम, पद्धति, प्रक्रिया व्यवस्थित गर्नाका साथै आवश्यक पर्ने वित्तीय श्रोत, जनशक्ति र सुरक्षा व्यवस्थापनलगायतका सवालमा आयोगले माग गरेकै ढङ्गमा सहयोग प्राप्त भएको छ । यो पटक नेपाल सरकार मात्र नभई प्रदेश सरकार र स्थानीय तहको पनि संलग्नता र सहयोग महत्वपूर्ण र अवीस्मरणीय छ । अब आयोगले निर्वाचनसम्बन्धी काम विकेन्द्रित गरेर स्थानीय र प्रदेशसँग सहकार्य र साझेदारी प्रारम्भ गर्नुपर्छ ।

अन्तर्राष्ट्रिय जगतसँग पनि हाम्रो अत्यन्त राम्रो सम्बन्ध छ । अन्तर्राष्ट्रिय जगतले हाम्रो निर्वाचनलाई नजिकबाट हेरिरहेको छ । दुई वटा अन्तर्राष्ट्रिय सङ्घसंस्था र काठमाडौँस्थित १८ वटा कुटनीतिक नियोगका प्रतिनिधि, चार देशका प्रमुख निर्वाचन आयुक्त तथा केही आयुक्तको टोली निर्वाचनको अवलोकन गर्न आइरहेको छ । मतदाता शिक्षालगायतका काममा निरन्तररूपमा युएसआइडी, युएनडिपी इएसपी, आइफेसलगायतबाट सहयोग भएको छ । भारत सरकारबाट यसपटक ८० वटा सवारीसाधन प्राप्त भएको छ । अरुले पनि निर्वाचनको स्वच्छता र निष्पक्षताका लागि कहाँ सहयोग गर्न सक्छौँ भन्नुभएको छ । सञ्चार र नागरिक समाजबाट पनि निर्वाचनका लागि पर्याप्त सहयोग मिलेको छ । सबैबाट प्राप्त सहयोगबाट निर्वाचनप्रतिको निष्ठा कायम रहेको भन्ने पुष्टि भएको छ ।

**प्र. निर्वाचन प्रचारप्रसारका बारेमा राजनीतिक दल र उम्मेदवारबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**

- यसमा मैले दुई किसिमका प्रवृत्ति र पृष्ठपोषण पाएँ । प्रचारप्रसारका निम्ति १५ दिनअघि मात्रै आमसभालगायतका क्रियाकलाप गर्दा उम्मेदवारका लागि त ठिकै हो र राजनीतिक दललाई भने समानुपातिकतर्फको प्रचारप्रसार गर्न देशैभरि केन्द्रीय नेतृत्व पुग्नुपर्ने भएकाले समय अपर्याप्त भएको भन्ने आएको छ । अलि व्यावहारिक गर्ने कि भन्ने सुझाव प्राप्त भएको छ । अर्को निर्वाचनको समयमा यसलाई सम्बोधन गर्न सकिनेछ । आमसभाका लागि मञ्चको व्यवस्थापन, प्रचारप्रसारमा जाने सङ्ख्या, झण्डा र चिह्न व्यवस्थित गर्ने विषयमा पनि कुरा उठेको छ । तथापि, राजनीतिक दलको विचार र सिद्धान्तलाई तडक-भडकपूर्ण प्रचारले विस्थापित गर्न सक्दैन । दलीय व्यवस्था भएकाले नीति, विचार, सङ्गठन र कार्यकतालाई परिचालन गरी अहिलेको अवस्थालाई सहजरुपमा लिनुपर्छ भनिएकामा सकारात्मक नै जवाफ प्राप्त भएको छ ।

**प्र. मतदाता शिक्षा र निर्वाचन वातावरणबारे कतिपय प्रश्न पनि उठेका छन् नि ?**

- निर्वाचनको वातावरणको मापन विगतमा कत्रा जुलुस आए, कति मान्छे जम्मा भए, कति झण्डा बोकका थिए, कस्तो प्रकृतिको पोष्टर टाँसे भनेर निर्वाचनको वातावरणको आँकलन गरिन्थ्यो । अहिले त्यो समय फेरिएको छ, आचारसंहितामार्फत प्रबन्ध फेरिएको छ । हामी निर्वाचनको निष्ठा जोगाउन प्रयत्नशील भएका छौँ । अहिले विगतको त्यो कुरा नहुँदैमा निर्वाचन शिक्षा पनि पुगेन, वातावरण पनि बनेन भन्ने तर्क गर्न हुन्न । त्यो क्रम विद्युतीय माध्यमतिर सऱ्यो । हामीले डिजिटल प्लेटफर्मलाई निर्वाचन प्रचारप्रसारको माध्यम बनायौँ । निर्वाचन प्रचारप्रसारको रूप परिवर्तन भएको हो, वातावरण नबनेको होइन भन्ने आयोगको भनाइ छ । मतदातासँग सबै उम्मेदवार र राजनीतिक दल पुगिरहनुभएको छ । भित्रभित्रै राम्रो वातावरण बनिसकेको छ । आम मतदाताले मङ्सिर ४ गतेको सहभागिताबाट निर्वाचनको वातावरण कसरी बनेको रहेछ भन्ने देखाइदिनु हुनेछ ।

**प्र. पछिल्ला दिनमा भएका छिटपुट घटनाले निर्वाचन सुरक्षाको संवेदनशीलता बढाएको हो ? यसमा आयोगले कस्तो कदम चालेको छ ?**

- स्थानीय तहको निर्वाचन प्रारम्भ गर्दै गर्दा एकै चरणमा गरौँभन्दा केही समूहबाट बहिष्कार गर्नेलगायत असजिलो हुन्छ कि भन्ने प्रश्न उठेको थियो । राजनीतिक वातावरण बनाउने काम सराकारको हो एकै चरणमा गरौँ भनियो । निर्वाचन सफल पनि भयो । कुनै समूहबाट पनि निर्वाचनलाई लक्षित गरी अप्ठ्यारो पार्ने काम भएन । यसमा म सबै दलप्रति धन्यवाद पनि दिन चाहन्छु । अहिले कुनै पनि राजनीतिक दल वा समूहबाट निर्वाचनमा खटिएको कर्मचारी, सुरक्षाकर्मी, मतदाता र निर्वाचनको वातावरण बनाउन लागेका नागरिक समाज र सञ्चारकर्मीलगायतका व्यक्तिप्रति असहजता र अप्ठ्यारो आउँदैन भन्ने हामी ढुक्क छौँ । असहजता आउने स्थिति भएमा कानुनबमोजिम कारवाही गर्न सुरक्षा व्यवस्था चुस्त र दुरूस्त तुल्याइएकाले मतदताले ढुक्क भएर मतदान गर्ने वातावरण बन्नेछ । राजनीतिक स्वार्थले निर्वाचनको निष्ठालाई आघात पुऱ्याउने गरी देशभित्र र बाहिरबाट सामाजिक सञ्जालमार्फत फैलिन सक्ने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिका कारण निर्वाचन व्यवस्थापन तथा सञ्चालन प्रभावित हुन सक्नेतर्फ आयोग सचेत रहेको छ । आयोगले निर्वाचनको सञ्चालन र व्यवस्थापनसम्बन्धी सम्पूर्ण व्यवस्थापकीय कार्य सम्पन्न गरिसकेको र आवश्यक सुरक्षा व्यवस्था मिलाइ सकिएकाले मतदातालाई कसैको डर, धाकधम्की, प्रलोभनमा नपरी आफूलाई मन परेको राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन चिन्हमा मतदान गरी आफ्नो मताधिकार प्रयोग गर्न म आग्रह गर्दछु ।

कसैले कसैलाई धाक, धम्की, डर वा त्रास देखाई वा अन्य कुनै किसिमले अनुचित प्रभावमा पारी कुनै निर्वाचन क्षेत्र वा मतदान केन्द्रमा निर्वाचनको कुनै काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरेमा निर्वाचनको काममा खटिएका कर्मचारी, सुरक्षाकर्मी, अनुगमनकर्ता, पर्यवेक्षक वा जो कोहीले आफ्नो कर्तव्य सम्झी सूचना दिन, त्यस्तो कार्य रोक्न वा कानूनबमोजिम कारवाही गर्न विशेष निर्देशन दिएको पनि अवगत गराउन चाहान्छु ।

निर्वाचन बिथोल्ने वा बहिष्कार गर्ने, बुथ कब्जा गर्ने, मतदातालाई मतदानको अवसरबाट वञ्चित गर्ने, डर, धाक, धम्की दिनेलगायतका कार्यहरू गरी निर्वाचनको स्वच्छतामा असर पुऱ्याउने कुनै पनि गतिविधिहरू रोक्न आवश्यक सुरक्षा रणनीतिसहित सुरक्षाकर्मी परिचालन गरिएको छ । निर्वाचन सुरक्षाका लागि प्रत्येक मतदान केन्द्रमा आवश्यक सुरक्षाकर्मीसहित तीन घेराको सुरक्षा व्यवस्थाका अतिरिक्त ३० मिनेटभित्र पुग्न सक्ने गरी पर्याप्त सुरक्षाकर्मीको 'रिजर्भ फोर्स'को व्यवस्था गरिएको छ । निर्वाचन सुरक्षा जोखिमका आधारमा आवश्यकताअनुसार सुरक्षा गस्ती परिचालन तथा क्षेत्रगत संवेदनशीलतालाई मध्यनजर गरी पर्याप्त मात्रामा अधिकार सम्पन्न घुम्ती टोली परिचालन गर्ने व्यवस्था मिलाइएको छ ।

मतदान शुरू हुने दिनभन्दा ४८ घण्टा अघिदेखि अर्थात आज राति १२ बजेदेखि मतगणना सम्पन्न नभएसम्म मदिरा बिक्री वितरण तथा सेवन गर्ने/गराउने कार्यलाई पूर्ण रूपले निधेष गर्ने व्यवस्था मिलाउन जिल्ला आचारसंहिता अनुगमन समिति र स्थानीय प्रशासनलाई सक्रिय बनाइएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, अन्य सरकारी निकायका स्थानीय तहमा रहेका कार्यालय तथा निर्वाचन सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई मदिरा बिक्री वितरण, ओसार-पसार तथा सेवन गर्ने/गराउने कार्यको सूक्ष्म अनुगमन गरी आवश्यक कारवाहीको व्यवस्था मिलाउन पनि निर्देशन दिइएको छ ।

**प्र. मतगणनामा हुने गरेको ढिलाइको गुनासोबाट आयोग यसपटक मुक्त हुन सक्ला ?**

- हामी चौबिसै घण्टा मतगणनासम्बन्धी मुद्दाको सम्बोधन गर्न तम्तयार हुन्छौँ । यो पटक नयाँ रणनीतिका साथ मतगणना गराउन सबै निर्वाचन अधिकृतलाई भनेका छौँ । मतदान सकिएर मतपेटिका प्राप्त हुनासाथ समन्वय कामय गरी तत्कालै मतगणनाको कार्य प्रारम्भ गरौँ भन्ने हो । गणना गर्दा सानातिना समस्या र विवादलाई लामो समयसम्म समाधान नगरी नराखौँ । आपसी सहमति कायम गरी तत्कालै छिनोफानो गरौँ । कुनै समस्या भएमा आयोगले तत्कालै समाधानका लागि न्यायोचित निर्णय गर्छ । हामी तपाईलाई आवश्यक पर्ने सम्पूर्ण स्रोत, साधन र जनशक्ति उपलब्ध गराउँछौँ, धेरै टिम परिचान गर्नुस् भनेपछि लम्याइरहनुको कुनै अर्थ हुन्न । यो ढङ्गले मतगणना गर्नुस् भनेका छौँ । यसपटक जनशक्तिलाई आर्थिक प्रोत्साहनको पाटो राम्रो छ । मतगणना प्रारम्भ भएको सात दिनमा नतिजा निकाल्न सक्छौँ भन्ने विश्वास हो । राजनीतिक दलले समानुपातिको विवरण दिएको दुई दिनभित्र सम्पूर्ण काम गरेर राष्ट्रपतिसमक्ष प्रतिवेदन दिन सक्छौ । त्यसरी जाँदा मङ्सिरका २२ गते भन्दा लाग्दैन । आलोच्य नहुने गरी छिटो छरितो ढङ्गले निर्वाचनको काम सक्छौँ ।

**प्र. मतगणनाको सूचना छिटो प्राप्त गर्ने केही त्यस्तो संरचना बनेको छ त ?**

- हामीले आयोगमा स्थापित प्रेस अफिस र सामाजिक सञ्जालमार्फत आयोगका हरेक निर्णय र अभिव्यक्तिलाई समयमै सञ्चार माध्यमलाई सहजरुपमा उपलब्ध गराउँदै आएका छौँ । त्यसैगरी मतगणनाको नतिजा दिनको निम्ति त्यस्तै पद्धति अवलम्बन गरेर हाम्रो सूचना प्रणालीमा आउनासाथ सञ्चारमाध्यमले पाउने प्रणाली विकास गरेर जाने तयारीमा छौँ । सबै मतदान केन्द्रमा एउटा सूचना एकाइ राखेर एक एक घण्टामा गतिविधि पठाउन प्रेरित गर्दैछौँ । यस्तो भएपछि विगतमा लाग्ने आरोप पनि निस्तेज हुनेछ । साच्चै सूचनामा सहजता पनि हुनेछ ।

**प्र. विगतमा कतिपय केन्द्रमा मतदाताभन्दा बढी वा शतप्रतिशत मत खसेर अस्वाभाविक मतदान भएका भन्ने प्रश्न पनि आएको थियो ? यसपटक शुद्ध मतदान गराउने सवालमा के रणनीति अपनाइएको छ ?**

- कुनै पनि मतदान केन्द्रमा अस्वाभाविक ढङ्गले निर्वाचन भयो वा मतदानको शुद्धतामा प्रश्न आएमा मतदान अधिकृतले नै पुनःमतदान गराउन सक्छन् । त्यस्तो अवस्थामा त्यहाँबाट निर्णय गर्नुअघि आयोगले त्यसको पुष्टयाईं गर्छ । शतप्रतिशत मतदान हुनु सुन्दा राम्रो देखिए तापनि निर्वाचनको तथ्याङ्क विश्लेषणले त्यसलाई आत्मसात् गर्न अप्ठ्यारो पर्ने पनि देखिएको छ । त्यहाँ खटिने कर्मचारीले यो अवस्था आउन यसपटक दिनुहुने छैन ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## कविता

हल्लक बढेर ठुलो भइन्न
कामकुरो गतिलो गरे सरक्क अघि बढिन्छ
मान सम्मान पनि पाइन्छ
कमाउने शिप सबैमा होस
अनि ज्याला पनि पाइन्छ
गरि खानुपर्छ पसिना चुहाएर बाँच्नु पर्छ
मौसमको पनि परिवर्तन हुन्छ
त्यस्तै दुख्ख र सुख्ख को यो संसार
कुनै घर छुटेको छैन समस्याले
धनि होस चाहे गरिब
रमाइ रहेछ उधम गरि सबै
देउ सबैलाइ शिप प्रभु
बाँच्न सकोश आन्नदले
निदाउन पाउ मस्तले
रोग व्याधि जिवनको चक्रमा पर्छनै तर
रोगिको पिडा हरण गर प्रभु
भोगिलाइ सेवामा उत्प्रेरित गर प्रभु
हल्लक बढेर ठुलो भइन्न
काम कृति गतिलो गरे सरक्क अगाडि बढिन्छ



**प्रमोद राम**
**जनकपुर ९**

## गजल

अपन देशके कोखस जनमल सब वीर सपूत भेलै!!
छातिप नाईच रहल नालाईक नेतासब कुपूत भेलै!!
सिमा पर आर्मी भितरमे युवा , किसान सहिद भेलै!!
चोर , बेईमान नेताके मन्त्री पद मिल्ते उ गुपुत भेलै!!
एलै चुनाब देखियौ भ्रष्टाचारीसबके जेना भोर भेलै!!
साझे खाके माउस , दारु किछ जन्तोसब भूत भेलै!!
देशके सम्पती बाप,बापक सब लगेलै जेना लुट भेलै!!
कानैत वहे रैहगेलै जकरा घरमे जन्म वीर पुत भेलै !!
जैकेलेल माइ अपन कोख देल्कै उ बाईनर हरा गेलै!!
नेता गठबन्धन केने एके छै खाली जन्ता अछुत भेलै!!



**प्रशुराम यदव**
**औराही ४ (कमलपुर) सिरहा**

## म क्रान्तिकारी भए

गरिबको जिवन मेरो देशमा सरकारी भए
युवा पिढिलाई धर्मको कुरा महामारी भए
मेरो यो देशमा आतंककारीहरु देश भक्त र
देश भक्तहरु ठुला-ठुला आतंककारी भए
धर्मको क ख ग को ज्ञान छैन तर बन्छ ज्ञानी
पैसा भरमा वेश्याहरु पनि यहाँ संस्कारी भए
न ज्ञान न बोलने क्षमता न बाचन गर्ने शैली छ
त्यसतो मुर्खहरु मेरो देशको अधिकारी भए
हैसियत हेरेर न्याय बाडदै छ प्रसासण देशमा
जन्ताको सेवक नै मेरो देशमा व्यापारी भए
एक दिन मेरो नाम पनि अमर हुनेछ किनकी
धर्म संस्कारको कुरा गर्दा म क्रान्तिकारी भए



**दिनेश यादव**

## आमा

कुन शब्दले गरू आमा , तिम्रो म बयान
पबित्र रै छ महिमा तिम्रो, जगतमा महान।
जन्म दियौ आमा तिमी, देखायौ सुन्दर संसार
हजारौ खपयौ दुःख र कष्ट ,त्यागी हर्ष उलास।
विशाल तिम्रा हृदय आमा , छन माम्ताका खानी
लगायौ जानको बाजि तिमी,कुनै डर नमानि।
तिम्रै आसिशले चल्दछ आमा,जगत जहान
संसारका पवित्र आमा, छन महिमा महान।
अमर छन आशिष् तिम्रा,यो संसार जगतमा
ईश्वर रूपि देवि हौ आमा,यो पवित्र धरतिमा।
जन्म दियौ , कर्म दियौ , दियौ पहिचान
जगतमै सत्रेष्ठ छन आमा , महिमा महान।



**उमेश राज**
**हरिहरपुर , रौटहट**

## चिल र बाझहरू

हरेक दिन यहाँ चल्छ दंगल।
यो बाझ र चिलहरुको हो जंगल।
दोहराउनेहरु छन् केही सुगाहरु।
लपेटिएका छन् केही मुँगाहरु ।।
सिकारीहरु गर्छन् भेडा र हरिणका शिकार।
हाती र सेरहरु तिमीमाथि छन् धित्कार।
दाँत, आँत छालाको रंग हेरी हुन्छ व्यपार।
सब जनावर ,जन्तु यहाँ छन् लाचार।
छिन् छिनमै रंग बदलिने ,हुँदैन तिम्रो नैया पार।
हुर्दुङ मचाउने सांढहरु।
पहिरो ल्याउने बाढ हरु।
यो जगलमा जता ततै छरेका ,
परिवर्तनका लागि कयौ मरेका,
आफैले सल्काएका आगोका धुँवा।
खै कति,हरिन र भेडाका लासले पुरिएका कुवा।
यो जङ्गलका चुइदै छन् छानो र छप्परहरु।
सुन- सुन के भन्दै छन् रुखमुनि गाडिएका खप्परहरु।।
अहिले पनि व्यथाले छट्पटिएका छन् आवाजहरू।
हटाई देउ न यहाँका चिल र वाझहरु।।
सुनिदेउ न ती पुरिएका आवाजहरू।।



**लेखक : उपेन्द्र ठाकुर**

## मुक्तक

यसपालिको भोट हाम्रो लाई होईन राम्रो लाई दिनु पर्छ
चोर दलाल भाष्टाचार नेताहरु लाई हराउनु पर्छ
अब गाउँ गाउँ यो खबर सबै लाई सुनाउनु पर्छ
देश र जनताको हितमा काम गर्ने लाई यस पालि
जिताउनु पर्छ



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार**
**दोहा कतार**

## 'खिचडी'

सानालाई माया गर्नुपर्छ,ठुलालाई सम्मान
टोलटोलमा तरकारी बेच्न आउने दाजुभाईलाई
भैया भनि अपमान ।१।
तरकारी बेच्न आउँदैमा उहाँ मानिस होइनन् र?
आफू भैया भनी अनादर गर्छौं गर्छौं,
भर्खरै पाईला टेक्न लागेकाहरु भन्छ्न
ए,भैया एता आईज त ।।२।।
"Mom &Dad,You both are my super hero" भन्दै
क्याप्सन लेखी छोराछोरीहरु Happy Father' क,
Mother' क Day सेलिब्रेसन गर्दछ्न।१।
बाआमा भने वृद्धआश्रमको वार्दलिमा
आँशुले भिजिएको सिरानी सुकाँउदै बस्दछ्न।।२।।
आफू र आफन्तलाई रक्तको आवश्यक पर्दा
हस्याङ फस्याङ गर्दै मरिहत्ते गर्ने,
अरुलाई पर्दा खेरी पन्छिदै बाटो काट्ने।१।
यतिको स्वार्थी नहोऔं साथी,आफुमा सेवाभाव जगाऔं,
तीन महिनामा खेर जाने रगत नियमित रक्तदान गरि
आफू पनि बचौं र अरुलाई पनि बचाऔं।।२।।
नागरिक सचेतना अन्तर्गत "जेब्राक्रसबाट बाटो काट्न
पर्छ भन्ने कुरा सबैले बुझ्छ्न।१।
हाम्रो व्यवहारमा कार्यन्वयन हुँदा खेरी यो कुरा हावामै टर्छन ।।२।।
"बेटी पढाउ,बेटी बचाउ"अभियानमा लागेका
समाजसेवी कहलाउने राजनेताहरु,
छोरीलाई साईकल दिनुपर्छ भनेर करोडौं बजेट बिनियोजन गर्छन।१।
छोरीहरुलाई साईकल दिनुको नाममा आफ्नो आफन्तको
सबैलाई दिन्छन दिन्छन,
अनि आफ्नो रित्तो गोजिपनि भर्छन।।२।।
बोल्न नसक्ने र हाम्रो बन्धनमा रहेको प्राणीको नि बाच्ने अधिकार हुन्छ।१।
तसर्थ मौका पाउँदै,छ्याप्पै उदाई हत्या हिंसा गर्नुहुदैन
भन्ने कुरा हामिले नबुझे कसले बुझ्छ ?।।२।।
हामी यस धर्तिमा मानव स्वरुप लिई नाङ्गै पाईला टेकेका हौं।१।
मानवता नामक लुगा पहिरिई नाङ्गो मानव शरीरलाई ढाक्ने गरौं।।२।।



**नामः- जय कृष्ण महतो**
**ठेगानाः-बटेश्वर गा.पा.-२**

## 'नम्बरी सुन' मा नम्रताको प्रवेश,

राजु गिरीको निर्देशनमा बन्न लागेको फिल्म 'नम्बरी सुन'मा अभिनेत्री नम्रता सापकोटाको प्रवेश भएको छ। शुक्रवार निर्देशक गिरी र निर्माता नारायण खातीले उनीसँग कागजी सम्झौता गरेका हुन्। फिल्ममा नम्रताको जोडी अभिनेता आमेश भण्डारीसँग बाँधिनेछ। उनीहरुले पहिलो पटक एकसाथ काम गर्न लागेका हुन्। नम्रताले स्क्रिप्ट र चरित्र राम्रो लागेपछि फिल्म साइन गरेको बताइन्। आमेश र नम्रतासँगै राजाराम पौडेल, सरोज खनाल, स्मृति वलीको पनि अभिनय रहने फिल्मका लागि अन्य केही कलाकार चाँडै छनोट गरिने निर्देशक गिरीले बताए। केही दिनमा फिल्मको शुभ मुहूर्त गरेर आगामी माघ २० गतेबाट छायांकन सुरु गर्ने तयारीमा निर्माण टिम छ। हालै लेखक शिवम् अधिकारीले स्क्रिप्ट तयार गरेर निर्देशक गिरी र निर्माता खातीलाई हस्तान्तरण गरेका थिए।  'नम्बरी सुन'बाट राजेन्द्र खड्गीले लामो समयपछि द्वन्द्व निर्देशनमा कमब्याक गर्दैछन्। ७० वर्ष अगाडिको ऐतिहासिक सामाजिक कथामा निर्माण हुने बताइएको यस फिल्ममा निर्माता खातीकै कथा तथा गीत लेखन रहेको छ भने सन्तोष श्रेष्ठको संगीत, दिव्य सुवेदीको छायांकन र रामजी लामिछानेको कोरियोग्राफी रहनेछ। लमजुङ, हेटौंडा र काठमाडौंमा फिल्मको छायांकन हुनेछ।






## 'ह्यारी कि प्यारी' पोस्टरमा साम्राज्ञीसँग रोमान्टिक जितु

आगामी माघ २० गतेलाई प्रदर्शन मिति घोषणा गर्दै फिल्म 'ह्यारी कि प्यारी'को तीनवटा आधिकारिक पोस्टर सार्वजनिक गरिएको छ। शुक्रवार अभिनेत्री साम्राज्ञी आरएल शाहको जन्मदिनको अवसरमा सार्वजनिक गरिएको पोस्टरमा साम्राज्ञी र जितु नेपालको लभ केमेस्ट्री देखिन्छ। पोस्टरको माध्यमबाट फिल्म रोमान्टिक-कमेडी जनरामा निर्माण भएको जानकारी दिन खोजिएको छ। एक पोस्टरमा साम्राज्ञीसँग हाइट मिलाउन जितु बाकसमाथि उभिएका छन् र उनीहरुलाई रिवनले बाँधिएको छ। दोस्रो पोस्टरमा जितुले साइकल चलाएका छन् भने साम्राज्ञी माइकिङ गरिरहेकी छन्। तेस्रो पोस्टरमा दुवै रोमान्टिक अवतारमा प्रस्तुत छन्। यी पोस्टरले फिल्मप्रति दर्शकको कौतुहलता र उत्सुकता जगाउन सक्छ। साम्राज्ञी र जितुले पहिलो पटक एकसाथ काम गरेका हुन्।

# निर्वाचनको स्थिर समय, राजनीतिक गतिविधि ठप्प

काठमाण्डु । विहीवारराति १२ बजेदेखि स्थिर समय लागू भएसँगै निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका राजनीतिक छलफल, अन्तर्क्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि चुनावसँग सम्बन्धित काम बन्द भएका छन्।

यही मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि बिहीबार राति १२ बजेदेखि स्थिर समय लागू भएको निर्वाचन आयोगले जनाएको छ । स्थिर समय लागू भएसँगै लामो समय निर्वाचनका लागि चहलपहल भएको गाउँघर तथा शहरबस्तीको वातावरण चकमन्न बनेको छ। दलका नेता, कार्यकर्ता घर बाहिर देखिएका छैनन् । स्थिर समय लागू भएसँगै राजनीतिक गतिविधिमा शून्यता देखिएको छ। मतदातालाई निर्वाचनमा कसलाई मत हाल्ने भन्ने सोच विचार गर्नका लागि स्थिर समयको व्यवस्था गरिएको हो।

यसअघिका निर्वाचनमा भने मतदानको अघिल्लो ४८ घण्टाअघिदेखिको समयलाई मौन अवधि भनिन्थ्यो । आयोगले यसपटक नयाँ शब्दावलीको प्रयोग गरेको हो। निर्वाचन आचारसंहिता, २०७९ अनुसार मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म यो अवधि लागू रहन्छ। मतदान मङ्सिर ४ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म हुनेछ।

स्थिर समयमा राजनीतिक दलका पदाधिकारी, उम्मेदवार, दलको भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरणका विषयमा आचारसंहितामा उल्लेख गरिएको छ।

स्थिर समयमा के गर्न पाईंदैन ?

यसैगरी मतदान हुने दिनको ४८ घण्टा अघि मतदानस्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनुपर्ने आचारसंहितामा उल्लेख छ। यो व्यवस्था भने सबैतिर लागू नभएको देखिन्छ। गत रातिदेखि मात्र स्थिर सयम लागू भएकाले आयोगले यो व्यवस्था पनि आजदेखि नै लागू गराउने विश्वास गरिएको छ।

स्थिर समयमा कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने, सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका लागि सामग्री पोष्ट वा शेयर गर्न वा गराउन हुँदैन । गरेको पाइएमा कानून बमोजिम कारबाही गर्न सुरक्षा निकाय पनि परिचालन गरिएको छ।

यसैगरी मतदानको दिन राजनीतिक दल, उम्मेदवार, दलको भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले मतदान केन्द्रमा राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिह्न वा मत सङ्केत भएको पहिरन वा ब्याज लगाउन हुँदैन। मतदान केन्द्रमा कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साङ्केतिक पोसाक र चीजवस्तु लगाउन, बोक्न वा देखाउन नहुने निर्वाचन आयोगले जारी गरेको आचारसंहितामा उल्लेख छ।




कुनै किसिमको सवारी साधन प्रयोग गरी आवतजावत गर्न वा कसैलाई लैजाने वा ल्याउने गर्न हुँदैन तर हिँडडुल गर्न नसक्ने गर्भवती महिला, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेकी महिला, किरियापुत्री, शारीरिकरूपले अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिँडडुल गर्न नसक्ने ज्येष्ठ नागरिकजस्ता मतदाताको लागि आयोगले तोकेको निकाय वा अधिकारीले अनुमति दिएको सवारी साधन प्रयोग गर्न बाधा पर्ने नपर्ने आचारसंहितामा उल्लेख छ।

त्यस्तै मतदाता तथा आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारीबाहेक अन्य कुनै पनि व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न हुँदैन । निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २४ मा कसैले पनि मतदान हुने दिनभन्दा ४८ घण्टाअघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै पनि उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै पनि प्रकारले प्रचारप्रसार गर्न वा गराउन नहुने उल्लेख छ। साथै उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै पनि व्यक्तिले आयोगको मर्यादामा प्रतिकूल असर पुग्ने गरी प्रचारप्रसार गर्न हुने उल्लेख छ।

ऐनअनुसार उक्त प्रावधानविपरीतको कार्य गर्नेलाई आयोग, निर्वाचन अधिकृत वा अनुगामनकर्ताले रु २५ हजारसम्म जरिवाना गर्न सक्नेछ।

आचार संहिता पालना भए नभएको अनुगमन गर्न समिति गठन गरिएको आयोगले जनाएको छ। समितिले अनुगमन गरेर आचार संहिता उल्लङ्घन गर्नेलाई कारबाही गरिने आयोगले बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा आचारसंहिता उल्लङ्घन गर्नेलाई स्थलगत रुपमा कारबाही एवं जरिवाना गरिने जानकारी गराइएको थियो ।रासस

# बढ्दैछ आर्थिक हिंसा

काठमाण्डु । चिकित्सक श्रीमान तथा सासुससुराले घरेलु हिंसा गरेको भन्दै २७ वर्षे एक महिलाले महिला आयोगमा उजुरी दिनुभयो । एमबिबिएस सकेर विवाह गरेकी उहाँको विवाहपछि एमडी पढ्ने योजना थियो । तर जब घरमा हिंसा बढ्दै गयो,उहाँको योजना पनि असफल हुदै गयो । उहाँले पढन् पाउनुभएन । कारण थियो, घरेलु हिंसा।

विवाह भएको केही दिनदेखि नै श्रीमानले विभिन्न माग राख्दै घरेलु हिंसा गर्न सुरु गरेको र आफूलाई घरमै सीमित पारेको उहाँको भनाई छ । "सासुले विवाहको पहिलो दिनमै पुत्र भवः भन्दै आशिर्वाद दिनुभएको थियो, त्यसलाई मैले स्वभाविक रुपमा लिएँ", उहाँले भन्नुभयो, "तर पछि भने उहाँले छोरा जन्माउन दबाब दिन थाल्नुभयो", महिला आयोगका कर्मचारीसँग उहाँले भन्नुभयो।

केही समयपछि श्रीमानले शारीरिक हिंसा पनि सुरु गरेको आयोगमा दिएको उजुरीमा उल्लेख छ। "घरमा काम गर्ने मान्छे हटाएर मलाई काम गर्न लगाइयो, शरीरमा तातो चिया हालिदिने र भऱ्याङबाट धकेल्नेजस्ता शारीरिक हिंसा हुन थाल्यो", उजुरीमा भनिएको छ । अहिले उहाँले सम्बन्धविच्छेदका लागि जिल्ला अदालत काठमाडौँमा मुद्धा दर्ता गर्नुभएको छ।

उहाँको जस्तै समस्या दोलखा घर भइ काठमाडौँ बस्ने ३४ वर्षे अर्की एक महिलाको पनि छ । उहाँले अंश नपाएको भन्दै राष्ट्रिय महिला आयोगमा उजुरी दिनुभएको छ । श्रीमान र छोरा दुबै बितेपछि परिवारले आर्थिक अधिकारबाट समेत बञ्चित गरेको उहाँका दुखेसो छ। प्रेम विवाह गरेकी उहाँले परिवारले सुरुदेखि नै नरुचाएको उहाँको भनाइ छ। विवाहपछि श्रीमानसँग काठमाडौँ आइ आफू सरकारी कार्यालयमा करारमा र श्रीमान व्यापारमा लागेको उहाँको भनाइ छ। तर सन्तान जन्मिएपछि भने श्रीमानसँगको सम्बन्ध पनि बिग्रदै गएको उहाँले उल्लेख गर्नुभयो।

"हाम्रो वैवाहिक सम्बन्धमा तनाव सुरु भयो अनि श्रीमानले आत्महत्या गर्नुभयो, श्रीमान बितेको केही महिनामा छोरा पनि बित्यो", उहाँले भन्नुभयो, "श्रीमान र छोरा दुवै गुमाएपछि जीविकोपार्जनका लागि श्रीमानले सञ्चालन गर्ने पसल मलाई दिइएन।" पसलमा आफ्नो पनि लगानी रहेको भएपनि पसल अर्कैको नाममा दर्ता भएको हालै मात्रै थाहा पाएको उहाँको भनाई छ।

"श्रीमानले बच्चाका लागि १५ लाख रुपैयाँ बचत गरेको बताउनु भएको थियो तर उहाँको मृत्युपछि त्यो रकम बैंकमा थिएन", उहाँले भन्नुभयो, "अहिले परिवारले श्रीमानले पहिले नै अंशवण्डाका नाममा दुई लाख लिएको र बाँकी अंश छाडेको बताउँदै आएको छ।"

महिला आयोगको तथ्याङ्कअनुसार गत आवमा घरेलु र महिला हिंसाका एक हजार चार सय ६४ वटा उजुरी दर्ता भएका छन् । आयोगका अनुसार मानसिक हिंसाका एक हजार तीन सय ७४, आर्थिक हिंसाका एक हजार १२, शारीरिक हिंसा सात सय ६९ र यौनजन्य हिंसाका ९३ वटा उजुरी दर्ता भएका छन्।

चालु आवको साउन महिनामा मात्रै एक सय ३० वटा हिंसाका घटना उजुरी भएकोमा ७७ वटा उजुरी आर्थिक हिंसाका छन् । भदौमा ९५ वटा हिंसाका घटनामध्ये ६० वटा आर्थिक हिंसाका उजुरी छन् भने असोज महिनामा ६० वटा हिंसाका उजुरीमध्ये ३९ वटा आर्थिक हिंसाका उजुरी छन्। आयोगका अनुसार कात्तिक महिनामा ६२ वटा हिंसाका उजुरीमध्ये आर्थिक हिंसाका उजुरी ४८ वटा छन्।

आयोगकी प्रवक्ता चमिला भट्टराई सम्बन्ध विच्छेद गर्दा सम्पत्ति दिनुपर्ने डरले श्रीमान र परिवारले सम्पत्ति लुकाउने गरेको बताउनुहुन्छ । "श्रीमान र परिवारबाट हिंसा भएको गुनासो लिएर आउनुहुन्छ । परामर्श गर्दा कुरा नमिलेपछि सम्बन्ध विच्छेदसम्म पुग्छ", उहाँले भन्नुभयो।

"बुहारीमात्रै होइन छोरीलाई पनि सम्पत्ति दिनुपर्ने डरले जन्मदर्ता र नागरिकता नबनाउने परिवार छन्", उहाँले भन्नुभयो।

कानूनी सहायता र परामर्श केन्द्रकी (ल्याक) अनिता न्यौपाने अधिकांश घरेलु हिंसा र महिला हिंसामा आर्थिक पक्ष जोडिएको बताउनुहुन्छ । "परिवारमा महिला सदस्यलाई सम्पत्ति नदिन परिवारबाटै हिंसा हुन्छ। छोरी र बुहारीको पहिचान खुल्ने कागजात नबनाइदिनुको कारण पनि आर्थिक अधिकारबाट बञ्चित गराउनु हो", उहाँले भन्नुभयो।

विवाहित महिला मात्र नभइ 'लिभिङ टुगेदर' मा बस्ने महिलाहरु पनि आर्थिक हिंसामा परेका घटना आयोगमा आउने गरेको उहाँको भनाइ छ। "हालै मात्र लिभिङ टुगेदरमा बस्दै आएकी एक जना २७ वर्षे महिला आर्थिक हिंसाको उजुरी लिएर आउनुभएको छ। केटासँग विवाह गर्ने सर्तमा संयुक्त लगानीमा व्यवसाय सुरु गरेको तर केटाले ऋण जति उहाँको नाममा बाँकी राखेर छाडेछ।"

श्रमशक्ति सर्वेक्षण सन् २०१७/१८ का अनुसार श्रम क्षेत्रमा दुई करोड सात लाख जनसङ्ख्या छ । त्यसमा ५५ दशमलव छ प्रतिशत महिला छन्। साथै, महिलाका नाममा ३३ प्रतिशतको घरजग्गा छ।

महिला अधिकारकर्मी रेनु साह कर छुट हुने भएकाले मात्रै महिलाका नाममा घर जग्गा राख्ने चलन बढेको तर भोगचलनमा भने अधिकार निकै कम भएको दाबी गर्नुहुन्छ।

"आर्थिक रुपमा सशक्तिकरण नभएसम्म महिला अधिकारको विषय कोरा कागज जस्तै हो, उजुरी दिन जाँदा न्यायीयक प्रणाली सुस्त, खर्चिलो र झण्झटिलो छ", उहाँले भन्नुभयो।

लामो समयदेखि महिला अधिकारका विषयमा वकालात गर्नुभएकी अधिवक्ता मिरा ढुङ्गाना भन्नुहुन्छ आफूहरु कानून ल्याउन २२ वर्ष लडेको र कानून बनेपछि पनि कार्यान्वयन प्रभावकारी नभएको बताउनुहुन्छ। "कानूनमा महिलालाई सम्पत्तिको समान अधिकारको व्यवस्था छ तर सम्पत्तिमा आफनो समान अधिकार हुन्छ भन्ने चेत धेरै महिलामा नै छैन", उहाँले भन्नुभयो।


**आर्थिक हिंसा भनेको के हो ?**

घरेलु हिंसा (कसुर/सजाए) ऐन, २०६६ अनुसार आर्थिक यातना भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य सम्झनु पर्छ।

महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दबाव दिने वा दाइजो नल्याएको कारणबाट गरिने घुणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ । संविधानको भाग ३ मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हकको व्यवस्था छ । यस्तै मुलुकी देवानी संहिता, २०७४ मा अंशबण्डाको व्यवस्था छ। संविधानले नै पैतृक सम्पत्तिको हकमा लैङ्गिक भेदभाव गर्न नपाइने, महिलाको पनि समान वंशीय हक लाग्ने सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक रहने व्यवस्था छ।रासस

***संविधानको भाग ३ मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हकको व्यवस्था छ। यस्तै मुलुकी देवानी संहिता, २०७४ मा अंशबण्डाको व्यवस्था छ। संविधानले नै पैतृक सम्पत्तिको हकमा लैङ्गिक भेदभाव गर्न नपाइने, महिलाको पनि समान वंशीय हक लाग्ने सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक रहने व्यवस्था छ।***

# शान्तिपूर्ण वातावरणमा मतदान गर्न तयारी पूरा




विराटनगर । आसन्न प्रतिनिधि र प्रदेशसभा निर्वाचन मोरङ जिल्लामा शान्तिपूर्ण, निष्पक्ष एवं भयरहित वातावरणमा सम्पन्न सम्पूर्ण तयारी भएको मुख्य निर्वाचन अधिकृतको कार्याललले जनाएको छ।

प्रमुख निर्वाचन अधिकृत दुर्गाप्रसाद ढुङ्गेलले मतदान अधिकृतलगायतका कर्मचारीले निर्वाचनको मतपत्रसहितका सामग्री बुझी आफ्नो मतदान केन्द्रतर्फ बिहीबार साँझ पुगिसकेको जानकारी दिनुभयो।

उहाँले मतदान अधिकृतले आफ्नो मतदान केन्द्रमा पुगेर निर्वाचनसम्बन्धी सूचना टाँस, सर्वदलीय बैठक आह्वानलगायतका कार्य सुरु गरेको बताउनुभयो । प्रदेश निर्वाचन कार्यालय विराटनगरका प्रमुख लवनकश्यप अधिकारीले निर्वाचनको वातावरण शान्तिपूर्ण र सौहार्दपूर्ण रहेको छ भन्दै सम्पूर्ण मतदान केन्द्र सुरक्षित रहेको र भयरहित एवं त्रासबिना मतदान गर्न सबैलाई आग्रह गर्नुभएको छ। प्रत्येक निर्वाचन केन्द्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, म्यादी प्रहरी, राष्ट्रिय अनुसन्धानका कर्मचारी र नेपाली सेनाको व्यवस्था गरिएकाले ढुक्कसाथ मतदान गर्न मतदातालाई आफ्नो केन्द्रमा जान आग्रह गर्नुभयो। जिल्लामा तीन सय छ केन्द्रमा आठ सय ३९ मतदान केन्द्र र दुई अस्थायी केन्द्र गरी जम्मा आठ सय ४१ मतदान केन्द्र रहेको कार्यालयका सूचना अधिकारी तीर्थराज अधिकारीले जानकारी दिनुभयो । जिल्लामा रहेका मतदानस्थल र मतदान केन्द्रलाई अतिसंवेदनशील, संवेदनशील र सामान्य गरेर वर्गीकरण गरी सोहीअनुसारको सुरक्षा प्रबन्ध मिलाएको मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले जानकारी दिनुभयो।

उहाँले निर्वाचनलाई निष्पक्ष, भयरहित, स्वच्छ, स्वतन्त्र एवं मर्यादित बनाउन हरसम्भव प्रयास जारी रहेको भन्दै निर्वाचनमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धानका कर्मचारी परिचालन गरी सुरक्षाको चार घेरा रहने बताउनुभयो।

एक मतदान केन्द्रमा आठदेखि १२ राष्ट्रसेवक कर्मचारी परिचालन हुने व्यवस्था पनि भएको प्रजिअ दाहालले जानकारी दिनुभयो । मोरङमा प्रतिनिधिसभातर्फ छ स्थानका लागि एक सय पाँच र प्रदेशसभातर्फ १२ स्थानका लागि एक सय १० जनाबीच प्रतिस्पर्धा हुने भएको छ।

यसैगरी मतदानस्थलमा बिजुली, खानेपानी, टेलिफोन, शौचालय पूर्ण व्यवस्थासँगै सो स्थानको सरसफाइमा विशेष ध्यान दिन प्रिजिअ दाहालले निर्देशन दिनुभएको छ। जिल्लामा मतदान केन्द्रको सुरक्षाका लागि नेपाल प्रहरीका दुई हजार ८४ र तीन हजार १६ म्यादी प्रहरी खटाइएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिनुभयो।

मोरङमा कुल सात लाख ३५ हजार पाँच सय २५ जनाले मतदान गर्ने प्रदेश निर्वाचन कार्यालय विराटनगरले जनाएको छ। जसमा पुरुषको सङ्ख्या तीन लाख ७४ हजार तीन सय २६ र महिलाको सङ्ख्या तीन लाख ६१ हजार एक सय ९३ रहेका छन्।

छवटा निर्वाचन क्षेत्र रहेको मोरङमा निर्वाचन क्षेत्र नं १ मा एक लाख २३ हजार छ सय १५ मतदाता छन् भने सोही क्षेत्रमा प्रदेशसभामा मतदान गर्ने (१)मा ६४ हजार चार सय ८२ र (२) मा ५९ हजार एक सय ३३ मतदाता छन्। निर्वाचन क्षेत्र नं २ मा एक लाख २४ हजार सात सय २९ मतदाता छन् भने सोही क्षेत्रमा प्रदेशसभाका लागि (१)मा ६१ हजार ५८ र (२)मा ६३ हजार छ सय ७१ मतदाता छन्।

निर्वाचन क्षेत्र नं ३ मा एक लाख ४९ हजार आठ सय ३३ मतदाता छन् भने प्रदेशसभातर्फ (१)मा ७५ हजार तीन सय ९३ र (२)मा ७४ हजार चार सय ४०, निर्वाचन क्षेत्र नं ४ मा एक लाख १० हजार ९३ मतदाता छन् भने प्रदेशसभातर्फ (१)मा ५७ हजार तीन सय ९० र (२)मा ५२ हजार सात सय तीन मतदाता छन्। निर्वाचन क्षेत्र नं ५ मा एक लाख चार सय ९४ मतदाता छन् भने प्रदेशसभातर्फ (१)मा ४७ हजार चार सय ५५ र (२)मा ५३ हजार ३९ तथा निर्वाचन क्षेत्र नं ६ मा एक लाख २६ हजार सात सय ६१ मतदाता छन्। प्रदेशसभातर्फ (१)मा ७८ हजार नौ सय ६४ र (२)मा ४७ हजार सात सय ९७ मतदाता रहेको निर्वाचन कार्यालयले जनाएको छ।रासस

# निषेध अवधिमा प्रचारप्रसार गरिए कारबाही

काठमाण्डु । यही मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको निर्वाचनका लागि गए राति १२ बजेदेखि प्रचारप्रसार निषेधको अवधि सुरू भएकाले सो अवधिमा प्रचारप्रसार गरिए कानुनबमोजिम कारबाही गरिने निर्वाचन आयोगले जनाएको छ।

मौन अवधिको पालना नभएमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम तत्काल जरिवाना गरी सोको जानकारी आयोगमा गराउन सम्पूर्ण निर्वाचन अधिकृत तथा अनुगमन अधिकृतलाई निर्देशन दिइएको छ। उक्त ऐनको दफा २४ (५) अनुसार कसैले पनि मतदान हुने दिनभन्दा ४८ घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न, अन्य कुनै पनि प्रकारले प्रचारप्रसार गर्न वा गराउन नहुने र सोही दफाको उपदफा (७) मा सो विपरीतका कार्य गरेमा आयोग, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले रु २५ हजारसम्म जरिवाना गर्नसक्ने व्यवस्था रहेको प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १७ मा मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म पालना गर्नुपर्ने विशेष आचरणसम्बन्धी व्यवस्था रहेकाले निर्वाचन प्रचारप्रसारसम्बन्धी वा राजनीतिक दल वा उम्मेदवारको गतिविधि वा प्रचारप्रसारसम्बन्धी कुनै पनि समाचार प्रकाशन वा प्रसारण नगर्ने तथा नगराउने प्रबन्ध गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल प्रेस काउन्सिललाई आयोगले लेखी पठाएको छ।

मतगणनाको काम पूरा नभएसम्म कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा, सम्मेलन, कार्यशाला गोष्ठी, मष्तिस्क मन्थनलगायत निर्वाचन प्रचारप्रसारसम्बन्धी कुनै पनि गतिविधि नगर्न वा नगराउन तथा फेसबुक, ट्वीटर, युट्युबजस्ता सामाजिक सञ्जालमा निर्वाचन प्रचारप्रसारसम्बन्धी कुनै पनि सामग्री प्रकाशन वा प्रसारण, शेयर, ट्याग, लाइक, कमेन्ट वा प्रतिकमेन्ट नगर्न-नगराउन तथा आफ्नो सामाजिक सञ्जालमा त्यस्तो सामग्री भएमा तत्काल हटाउन उम्मेदवार, राजनीतिक दललगायत सम्पूर्ण सरोकारवालालाई आयोगले निर्देशन दिएको छ।

मतदानका दिन मतदान केन्द्रको वरपर कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने खालका एकै रङ वा किसिमका साङ्केतिक अर्थ जनिने पोसाक, लोगो, ब्याज, झण्डा, टिसर्ट, ज्याकेट, गम्छा, टोपी, क्याप, भेष्ट, मास्क, झोला, स्टीकरलगायत पहिरन वा चिजवस्तु लगाएमा, प्रयोग गरेमा, देखाएमा र प्रदर्शन गरेमा तत्काल जफत गर्न सुरक्षाकर्मीलाई निर्देशन दिइएको छ।

सो अवधिमा सामाजिक सञ्जाल तथा अनलाइन र सञ्चार माध्यमबाट कुनै राजनीतिक विज्ञापन नगर्न- नगराउन र यसअघि गरिएका यस्ता विज्ञापन हटाउन सम्बन्धित सञ्चारमाध्यमलाई अनुरोध गर्नाका साथै सोको अनुगमन गर्न पनि विज्ञापन बोर्डलाई निर्देशन दिइएको छ।रासस

# शेयर बजार अब मङ्गलबार मात्रै खुल्ने

काठमाण्डु। धितोपत्र बजारमा शेयर कारोबार अब यही मङ्सिर ६ गते मङ्गलबार मात्रै हुने भएको छ। शुक्रबार कारोबार बन्द छ।


शनिबार, आइतबार र सोमबारसमेत सार्वजनिक बिदा दिइएकाले शेयर कारोबारसमेत बन्द हुने नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले जनाएको छ। मङ्सिर ४ गते आइतबार प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुँदैछ। सरकारले निर्वाचनलाई केन्द्रमा राखेर ४ र ५ गते बिदा सार्वजनिक बिदा दिएको छ। त्यसकारण शेयर कारोबार पनि ती दिनमा नहुने भएको हो।

पछिल्ला दिनमा निर्वाचनको माहोल बढ्दै जाँदा त्यसको सकारात्मक प्रभाव बजारमा परेको थियो। वैदेशिक मुद्राको सञ्चितिमा वृद्धि भएको, शोधनान्तर नाफामा रहेको तथा विप्रेषण आप्रवाहमा उल्लेख्य सुधार भएलगायतका कारणले पनि मुलुकको अर्थतन्त्रमा सुधार भएको छ।रासस

# प्रधानमन्त्री देउवाद्वारा एन्टिमाइक्रोबियल औषधिको समुचित प्रयोगमा ध्यान दिन आग्रह

काठमाण्डु। प्रधानमन्त्री शेरबहादुर देउवाले एन्टिमाइक्रोबियल औषधिको समुचित प्रयोगप्रति विशेष ध्यान दिन सबैमा अनुरोध गर्नुभएको छ। एन्टिमाइक्रोबियल सचेतना सप्ताहका अवसरमा सम्बन्धित सबैमा शुभकामना व्यक्त गर्दै उहाँले एन्टिमाइक्रोबियल रेजिस्टेन्स न्यूनीकरणका लागि सबै वर्ग र समुदायमा सङ्क्रमण रोकथाम तथा एन्टिमाइक्रोबियल औषधिको विवेकपूर्ण प्रयोगको व्यापक चेतना वृद्धि गर्न अपरिहार्य रहेको उल्लेख गर्नुभएको छ।

प्रधानमन्त्री देउवाले कुनै एक क्षेत्रको पहलबाट मात्रै यस बहुआयामिक समस्याको समाधान हुन नसक्ने हुँदा मानव स्वास्थ्य, पशु स्वास्थ्य, खाद्य, वातावरणलगायत 'एक स्वास्थ्य' अवधारणाका सम्पूर्ण सरोकारवाला निकायमा यसलाई महत्वपूर्ण मुद्दाका रुपमा प्राथमिकीकरण गरी ठोस कार्ययोजना निर्माण गर्न आह्वान गर्नुभएको छ।



संयुक्त राष्ट्र सङ्घ अन्तर्गतका विश्व स्वास्थ्य सङ्गठन, खाद्य तथा कृषि सङ्गठन, विश्व पशु स्वास्थ्य सङ्गठन र हालै यस त्रिपक्षीय सहमतिमा संलग्न भएको संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम समेतको एकीकृत आह्वानमा विश्वभरि नै हरेक वर्ष नोभेम्बर १८ देखि २४ सम्म एन्टिमाइक्रोबियल सचेतना सप्ताह मनाउँदै आएको छ। यस वर्ष पनि नेपालमा पनि विभिन्न सचेतनामूलक र प्रवार्द्धनात्मक कार्यक्रमको आयोजना गरी यो सप्ताह मनाईदैछ।

कोभिड -१९ जस्तै एन्टिमाइक्रोबियल रेजिस्टेन्सले पनि हालका दिनमा विस्तारै महामारीको रूप लिँदै गएको र यसले आधुनिक चिकित्साशास्त्रका हालसम्मका उपलब्धिमा ठुलो चुनौती सिर्जना हुने जोखिम रहेको उहाँले बताउनुभएको छ । सङ्क्रमणको रोकथाम तथा उपचारमा प्रयोग हुने एन्टिमाइक्रोबियल औषधिको अनुचित प्रयोगका साथै व्यवसायिक कृषिमा गरिने एन्टिमाइक्रोबियलको प्रयोग र त्यसबाट वातावरणमा निस्किने अवशेषले धैरै रोगका सुक्ष्म जीवाणुमा प्रतिरोध (रेजिस्टेन्स) क्षमता विकास भइरहेको छ। यसका कारण अधिकांश एन्टिमाइक्रोबियल औषधिको प्रभाव कम हुँदै गएकाले मानिसमा हुने सामान्यदेखि गम्भीर प्रकृतिका सङ्क्रमणको उपचारमा व्यवधान सिर्जना भएको उहाँले उल्लेख गर्नुभएको छ । मानिस, पशुपक्षी र वातावरणबीच हुने अन्तरसम्बन्ध प्रणालीमा जीवाणुको आदान प्रदानद्वारा सिर्जित एन्टिमाइक्रोबियल रेजिस्टेन्स मानव जातिका साथै समग्र विश्वका लागि चुनौतीका रुपमा देखापरेको छ।रासस

रोजगार बनौ । Admission Open रोजगार बनौ ।।

जनकपुर अंचल भरीमै लगातार उत्कृष्ट रिजल्ट ल्याउन सफल एक मात्र सु-प्रसिद्ध तालिम केन्द्र

शंकर टेक्निकल

शैक्षिक सत्र २०७९/२०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट मात्र खाली रहेको हुनाले पुनः प्रवेश परीक्षा संचालनका लागि आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

DIPLOMA PROGRAMME
- ल्याब टेक्निसियन (CMLT) ३ वर्षे

PRE-DIPLOMA PROGRAMME
- बिद्युत सब- ओभरसियर (E.S.O.) १८ महिना
- सिभिल सब- ओभरसियर (E.S.O.) १८ महिना
- सर्भे ईन्जिनियरिङ्ग (अमिन नापी) १८ महिना

कोर्षहरुमा Diploma को लागि S.L.C. तथा SEE मा न्यून्तम 2GPA तथा प्रि-डिप्लोमाको लागि SLC तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाको लागि सर्म्पक गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनु होस्।

**फारम भर्ने अन्तिम मितिः–** २०७९/मंसिर/०८ गते सम्म
**पुनः प्रवेश परीक्षा हुने मितिः–** २०७९/मंसिर/१० गते शनिबार विहान ८:०० बजे

सर्म्पक स्थान

शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर

जिरोमाईल (कबरगाह देखी दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम
फोन नं. ०४१-४२१३६२, ९८४४०३८३६७, ९८१२०९१४६४

# निजी रूपमा निर्मित पहिलो भारतीय अन्तरिक्ष रकेट प्रक्षेपण

**एएफपी**

चेन्नई । निजी रूपमा विकसित पहिलो भारतीय रकेट शुक्रबार वायुमण्डलको माथिल्लो भागमा प्रक्षेपण गरिएको छ । भारतका लागि प्रमुख अन्तरिक्ष शक्ति बन्ने प्रयासमा यो अर्को कोसेढुङ्गा भएको छ । भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (आईएसआरओ) को प्रत्यक्ष भिडियोअनुसार आधा टनको विक्रम-एस रकेट स्थानीय समयअनुसार मध्याह्नअघि नै प्रक्षेपण गरिएको थियो ।



एजेन्सीका अनुसार ६ मिनेटपछि उक्त रकेट सकुशल समुद्रमा खसेको थियो । स्थानीय 'स्टार्टअप स्काइरुट एयरोस्पेस'ले विकास गरेको यो रकेट पृथ्वीलाई बाह्य अन्तरिक्षबाट छुट्याउने अन्तर्राष्ट्रिय मान्यता प्राप्त १०० किलोमिटरको कर्मन रेखाभन्दा ९० किलोमिटर (५५ माइल) को उचाइमा पुगेको थियो ।

"यो वास्तवमै भारतको अन्तरिक्ष कार्यक्रमको यात्रामा नयाँ सुरुवात हो, नयाँ बिहानी हो ।"विज्ञान मन्त्री जितेन्द्र सिंहले श्रीहरिकोटाको दक्षिणी टापुमा रकेटको प्रक्षेपण सुविधामा उत्साही प्राविधिकहरूको भीडसँग प्रक्षेपणपछि भन्नुभयो । 'स्टार्ट' नाम दिइएको पहिलो विक्रम-एस मिसनको पूर्वसन्ध्यामा सरकारले बिहीबार रकेट 'कार्बन कम्पोजिट स्ट्रक्चर र थ्रीडी प्रिन्टेड कम्पोनेन्ट्स'का साथ एकल मञ्च सिंगल स्टेज, सोलिड फ्युल रकेट निर्माण गरिएको हो ।

भारतले हालैका वर्षहरूमा आफ्नो अन्तरिक्ष कार्यक्रमलाई बढावा दिइरहेको छ, जसमा सन् २०२३ वा २०२४ का लागि रूसी सहयोगमा एक मानवसहितको रकेट निर्माण पनि समावेश छ । भारतको क्षमता र महत्वाकाङ्क्षा बढेको यसको रकेट र पृथ्वीभन्दा बाहिरी ग्रहको अभियानको सफलताले उजागर गरेको छ । सन् २०१४ मा मङ्गलयान 'अर्बिटर'मार्फत् मङ्गलग्रहमा पुग्ने भारत पहिलो एसियाली राष्ट्र बनेको थियो । यसको कम लागतको लागि प्रशंसा गरिएको, त्यो मिशनले भारतलाई संयुक्त राज्य अमेरिका, रूस र युरोपेली संघसहित एक सानो समूहमा समाहित गरायो ।

सन् २०१९ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतलाई 'अन्तरिक्ष महाशक्ति' को संज्ञा दिनुभएको थियो । भारतले विश्वव्यापी व्यावसायिक अन्तरिक्ष बजारमा आफ्नो दुई प्रतिशत हिस्सा बढाउन पनि काम गरिरहेको छ । विज्ञहरूका अनुसार भारतले विद्यमान अन्तरिक्ष प्रविधिको नक्कल गरेर र अनुकूलन गरेर लागत कम राख्न सक्छ ।

# इबोला नियन्त्रणका लागि आपतकालीन कोष

**सिन्ह्वा**

कम्पाला । युगाण्डामा केही समययतादेखि फैलिएको इबोला महामारी नियन्त्रणका लागि आपतकालीन कोष आवश्यक रहेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । विश्व स्वास्थ्य सङ्गठनले बिहीबार सो कुराको जानकारी गराएको हो । इबोलामा केही समययतादेखि इबोलाको प्रकोप फैलिएको र यसबाट यहाँका अरु छिमेकी देशहरुमा पनि असर पर्न सक्ने बताइएको छ ।

विश्व स्वास्थ्य सङ्गठनले बिहीबार युगाण्डाको इबोलाको नियन्त्रण गर्नुपर्ने र यो महामारी युगाण्डाका छिमेकी देशमा फैलिन नदिन पहिले नै सतर्कता अपनाउनुपर्ने अवस्था रहेकाले सो प्रयोजनका लागि तत्कालै युगाण्डाका लागि आर्थिक सहयोग आवश्यक रहेको जनाएको हो ।

विश्व स्वास्थ्य सङ्गठनको अफ्रिका क्षेत्रीय निर्देशक मातेसिदो मोइतोले युगाण्डा र अन्य देशहरुमा इबोला महामारीका विरुद्धमा अपनाउनुपर्ने सतर्कता एवं औषधि उपचारका लागि विश्व स्वस्थ्य सङ्गठनले ८ करोड ८० लाख अमेरिकी डलर बराबरको रकम आवश्यक रहेको भनी अपिल गरेको र अहिलेसम्ममा त्यसको २० प्रतिशत मात्र जम्मा भएको जानकारी दिनुभएको हो । यसअघि पनि गत महिना नै विश्व स्वास्थ्य सङ्गठनले युगाण्डालगायत अफ्रिकाका देशहरुमा इबोलाको प्रकोप बढ्दो देखिएकाले यसको नियन्त्रणका लागि भन्दै रकम सहयोग गर्न अपिल गरेको थियो । तर अपेक्षा गरिएअनुसारको रकम उपलब्ध हुन नसकेको निर्देशका मोइतोले जानकारी दिनुभएको हो । युगाण्डाले गत सेप्टेम्बर २० मा इबोलाको महामारी घोषणा गरेको थियो ।

त्यसपछि यहाँ सो महामारीको नियन्त्रणका लागि भन्दै विश्व स्वास्थ्य सङ्गठनले रकम आवश्यक रहेको घोषणा गरेको थियो ।

# जापानका प्रधानमन्त्रीद्वारा चिनियाँ राष्ट्रपतिसमक्ष 'गम्भीर चासो' व्यक्त

**एएफपी**

बैंकक । जापानका प्रधानमन्त्री फुमियो किशिदा र चिनियाँ राष्ट्रपति सी चिनफिङ बीच बैंककमा भेटवार्ता भएको छ ।

सो भेटमा प्रधानमन्त्री किशिदाले राष्ट्रपति सी समक्ष क्षेत्रीय सुरक्षाका मुद्दाहरूमा"गम्भीर चासो" व्यक्त गर्नु भएको छ । त्यहाँ उहाँहरू बीच पहिलो आमनेसामने वार्ता भएको हो ।

"मैले सेन्काकु टापुहरू सहित पूर्वी चीन सागरको अवस्था, चीनबाट ब्यालेस्टिक मिसाइल प्रक्षेपणलगायतका सैन्य गतिविधिहरूमा पनि गम्भीर चिन्ता व्यक्त गरेको छु र मैले ताइवान स्ट्रेटको शान्ति र स्थिरताको महत्त्वमा जोड दिएको छुँ, किशिदाले पत्रकारहरू माझ भन्नु भएको छ ।

# यूएईलाई पराजित गर्दै नेपाल घरेलु मैदानमा पहिलो पटक शृंखला जित्न सफल



**टुडे समाचारदाता**

काठमाण्डु । आसिफ शेख र ज्ञानेन्द्र मल्लको शतकीय साझेदारीमा नेपालले यूएईलाई ६ विकेटले पराजित गर्दै ३ एकदिवसीय अन्तर्राष्ट्रिय खेलको शृंखला २-१ ले जितेको छ । नेपालले १ सय ७७ रनको लक्ष्य ४०.१ ओभरमा पुरा गर्‍यो । नेपालले पहिलो पटक घरेलु द्विपक्षीय एकदिवसीय शृंखला जितेको हो । यसै वर्षको मार्चमा नेपालले घरेलु मैदानमा खेलेको पहिलो एकदिवसीय अन्तर्राष्ट्रिय शृंखलामा पपुवा न्य गिनीसँग २-० ले पराजित भएको थियो ।

अर्जुन साउद ९ रनमा आउट भएपछि आसिफ र ज्ञानेन्द्रले दोस्रो विकेटमा १ सय २२ रन जोडेका थिए । एकदिवसीय अन्तर्राष्ट्रियमा नेपालको दोस्रो ठूलो साझेदारी हो । मार्चमा पपुवा न्यु गिनीविरुद्ध देव खनाल र दीपेन्द्रसिंह ऐरीले यसअघि तेस्रो विकेटमा १ सय २९ रन जोडेका थिए । ज्ञानेन्द्र ६३ रन बनाई आउट भए । एकदिवसीय अन्तर्राष्ट्रियमा यो उनको उच्च स्कोर पनि हो । गत वर्ष मस्कटमा ओमानविरुद्ध अविजित ५२ रन बनाएयता यो उनको पहिलो अर्धशतक हो । आयन खानको बलमा एलबीडब्लु आउट हुनुअघि उनले ७३ बल खेली ७ चौका र ३ छक्का प्रहार गरे ।

आसिफले एकदिवसीय अन्तर्राष्ट्रियमा आफ्नो पाँचौं अर्धशतक बनाउनेक्रममा म्याच विजयी ८८ रन जोडे । उनले १ सय १९ बल खेली १२ चौका प्रहार गरे । कप्तान रोहित पौडेल १० रनमा आउट भए । दीपेन्द्र खाता खोल्नुअघि आउट भए । रोहित र दीपेन्द्र रनआउट भए । यसअघि नेपालले त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा टस जितेपछि ब्याटिङ गर्न आएको यूएईले निर्धारित ५० ओभरमा ९ विकेट गुमाई १ सय ७६ रनमात्र बनाउन सकेको थियो ।

आयन खान र हजरत बिलालले अन्तिम विकेटमा अविजित ८३ रनको साझेदारी गरेपछि यूएई केही बलियो बनेको थियो । यसै शृंखलाबाट एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट सुरु गरेका आयनले ६३ बलमा अविजित ५४ रन बनाए । उनले ७ चौका र १ छक्का प्रहार गरे । बिलालले ५४ बल खेली १ छक्कासहित २० रन बनाए । दुबैको एकदिवसीय अन्तर्राष्ट्रियमा उच्च स्कोर हो । त्यसअघि एलिसन सराफुले ३३ र रोहन मुस्ताफाले २४ रन बनाएका थिए । सराफुले ६९ बल खेल्दै ४ चौका प्रहार गरे । पूर्वकप्तान मुस्ताफाले ५६ बलको इनिङ्समा २ चौका प्रहार गरे । ओपनर मोहम्मद वासिमले ११ रन बनाए ।

दोस्रो ओभरको पहिलो बलमै वासिमले गुलशन झाको बलमा छक्का प्रहार गरेका थिए । त्यसको अर्को बलमा गुलशनले वासिमलाई विकेटकिपर आसिफ शेखबाट क्याच गराए । अर्का ओपनर वृत्य आनन्दलाई सोमपाल कामीले शुन्यमा बोल्ड गरे । गुलशनले यूएईका कप्तान सीपी रिजवानलाई ४ रनमा आसिफबाटै क्याच गराएपछि नेपालले खेल नियन्त्रणमा लिएको थियो । सराफ र मुस्ताफाले चौथो विकेटमा ६३ रनको साझेदारी गरेका थिए । दीपेन्द्रसिंह ऐरीले मुस्ताफालाई कुशलबाट उत्कृष्ट क्याच गराएपछि यूएईको पतन पुनः सुरु भएको थियो । सराफुलाई कुशलले आफ्नो लेग स्पिनबाट बोल्ड गरे । बसिल हमिद ८ र विष्णु सुकुमरन २ रनमा आउट भए । पूर्वकप्तान अहमद राजा र जाहुर खानले खाता खोल्न सकेनन् । जाहुर रनआउट भए ।

नेपालबाट गुलशन, दीपेन्द्र र कुशलले २-२ विकेट लिए । दीपेन्द्रले १० ओभरमा ३ मेडन राख्दै २२ रन खर्चे । ललित राजवंशीले १० ओभरमा २ मेडन राख्दै २० रनमात्र खर्चेर १ विकेट लिए । नेपालले अलराउन्डर करण केसीको स्थानमा हरिशंकर शाहलाई प्लेयिङ ११ मा राखेको छ । हरिशंकरले यसै शृंखलाको पहिलो खेलमा एकदिवसीय अन्तर्राष्ट्रियमा डेब्यु गरेका थिए । यूएईले पहिलो खेलमा नेपाललाई सजिलै ८४ रनले पराजित गरेको थियो । नेपालले दोस्रो खेल ३ विकेटले जित्दै शृंखला बराबरीमा ल्याएको थियो । नेपालले यूएईसँगको शृंखला लगातार दोस्रो पटक जितेको हो । २०१९ मा पनि नेपालले दुबईमा तीन खेलको शृंखलामा यूएईलाई २-१ ले पराजित गरेको थियो ।

# ह्यारिसले जापान, दक्षिण कोरियालगायत पाँच नेतालाई भेट्ने

**एएफपी**

बैंकक । उत्तर कोरियाले एक संदिग्ध अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेपछि अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले शुक्रबार जापान, दक्षिण कोरिया, अष्ट्रेलिया, न्यूजील्याण्ड र क्यानडाका नेताहरुसँग आकस्मिक वार्ता गर्नुहुने एक अमेरिकी अधिकारीले जानकारी दिएका छन् ।

बैंककमा एशिया-प्रशान्त शिखर सम्मेलनमा भाग लिँदै ह्यारिसले उत्तर कोरियाले हालैको ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपणको बारेमा परामर्श गर्न पाँच नेताहरूसँग भेटवार्ता गर्नुहुने बताइएको छ । ह्वाइट हाउसका अधिकारीले उत्तरको आधिकारिक नाम, डेमोक्र्याटिक पिपुल्स रिपब्लिक अफ प्रयोग गर्दै, ह्वाइट हाउसका अधिकारीले बैंककमा एशिया-प्रशान्त शिखर सम्मेलनमा भाग लिँदै, ह्यारिसले पाँच नेताहरूलाई सम्मेलन भेट् वार्ता गर्नु हुने बताइएको छ ।

बैठकमा जापानका फुमियो किशिदा, दक्षिण कोरियाका हान डक-सू, अष्ट्रेलियाका एन्थोनी अल्बानीज, न्युजिल्याण्डका जसिन्डा आर्डर्न र क्यानडाका जस्टिन ट्रुडो सहभागी हुनुहुने जनाइएको छ । जापानले उक्त क्षेप्यास्त्र आफ्नो पानीमा खसेको र अमेरिकाको मुख्य भूमिमा मार हान्न सक्ने क्षमता रहेको बताएको छ । उत्तर कोरियासँगको हप्तौंको बढ्दो तनावपछि पुनः सातौं आणविक परीक्षणको तयारी गरिरहेको अमेरिकी गुप्तचरहरूले विश्वास गरेका छन् ।

ह्वाइट हाउसले पछिल्लो क्षेप्यास्त्र प्रहारलाई संयुक्त राष्ट्रसुरक्षा परिषद्का धेरै प्रस्तावहरूको निर्लज्ज उल्लङ्घन गरेको जनाएको छ । यस प्रहारले अनावश्क रुपमा तनाव बढाउने बताएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले आइतवार कम्बोडियामा दक्षिणपूर्वी एसियाली शिखर सम्मेलनको क्रममा जापानका फुमियो किशिदा र दक्षिण कोरियाका राष्ट्रपति युन सुक-योलसँग भेट गर्नु भएको र उत्तर कोरियाले आणविक परीक्षणविरूद्ध संयुक्त चेतावनी जारी गरिएको थियो ।

# फ्रान्सले एसिया-प्रशान्त क्षेत्रमा 'मुठभेड' नहोस् भन्ने चाहन्छ : म्याक्रौँ

**सिन्ह्वा**

बैंकक । फ्रान्सका राष्ट्रपति इमानुयल म्याक्रौँले एसिया-प्रशान्त क्षेत्रसँग फ्रान्सको सम्लग्नताका लागि आफ्नो दृष्टिकोण प्रस्तुत गर्दै 'मुठभेड' को स्थिति अन्त्य गर्न आग्रह गर्नुभएको छ ।

अमेरिका र चीनबीच बढ्दो प्रतिस्पर्धालाई मध्यनजर गर्दै यस क्षेत्रका लागि फ्रान्सको रणनीतिक सम्बन्ध पुनः सुरु गर्न चाहेको बैंककमा आयोजित एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) को २१ सदस्यीय शिखर सम्मेलनमा भाग लिने क्रममा म्याक्रौँले बताउनुभएको हो । फ्रान्सेली राष्ट्रपति म्याक्रौँले शिखर सम्मेलनका क्रममा व्यापारिक नेताहरूको एक भेलालाई सम्बोधन गर्दै भन्नुभयो, "फ्रान्सले यस क्षेत्रमा स्थिरताका लागि भूमिका खेल्न चाहेको छ ।'

"हामी आधिपत्यमा विश्वास गर्दैनौं, हामी मुठभेडमा विश्वास गर्दैनौं, तर स्थिरतामा विश्वास गर्छौं,' म्याक्रौँले भन्नुभयो । हिन्द तथा प्रशान्त महासागरमा रियुनियन, न्यू क्यालेडोनिया र फ्रेन्च पोलिनेसियालगायतका विदेशी भूभाग रहेको फ्रान्सलगायत क्षेत्रीय शक्तिले भूमिका खेल्नुपर्ने उहाँले बताउनुभयो । "हामी जङ्गलमा छौं र हामीसँग दुई ठूला हात्ती छन्, जसले झन्-झन् उत्तेजना बढाउने अवस्था आइरहेको छ,' म्याक्रौँले आफ्नो सम्बोधनमा भन्नुभयो ।

"यदि उनीहरू धेरै आक्रोशित भए भने यो बाँकी जङ्गल (क्षेत्र)को लागि ठूलो समस्या हुनेछ । तपाईंलाई बाघ, बाँदरलगायत धेरै अन्य जनावरहरूको सहयोग चाहिन्छ ।' म्याक्रौँले जलवायु परिवर्तनदेखि आर्थिक उथलपुथलसम्मका सङ्कटको सामना अन्तर्राष्ट्रिय समुदायले गरिरहेको र समन्वयात्मक प्रतिक्रियाको खाँचो रहेको बताए ।

"हाम्रो इन्डो-प्यासिफिक रणनीति यो वातावरणमा गतिशील सन्तुलन कसरी प्रदान गर्ने भन्ने हो,' उहाँले भन्नुभयो । यो दुई ठूला शक्तिहरूको टकराव हुन सक्दैन । तीमध्ये कुनै एकको आधिपत्य हुन नसक्ने एक प्रकारको स्थिरता र सन्तुलन कसरी प्रदान गर्ने चिन्ता अहिलेको हो ।'

रूस- युक्रेन युद्ध विश्वव्यापी अस्थिरताको प्रमुख स्रोतको रूपमा देखिएको उल्लेख गर्दै उहाँले भन्नुभयो, एशिया र अन्यत्रका सबै देशहरूले आफ्नो कर्तव्यप्रति गम्भीर बन्न आवश्यक छ । म्याक्रौँले भन्नुभयो, "फ्रान्सले यो युद्ध पनि हाम्रो समस्या हो भनेर भन्नका लागि बढ्दो सहमति निर्माण गर्ने काम गरिरहेको छ किनभने यसले धेरै अस्थिरता सिर्जना गर्नेछ ।'

# गाजामा भीषण आगलागीमा परी कम्तीमा २१ जनाको मृत्यु

**सिन्ह्वा**

गाजा । उत्तरी गाजा पट्टीको एक आवासीय भवनभित्र बिहीबार भएको भीषण आगलागीमा सात बालबालिकासहित कम्तीमा २१ प्यालेस्टाइनीको मृत्यु भएको छ ।

यस घटनामा परी अन्य ३० भन्दा बढी घाइते भएका सुरक्षा र चिकित्सा स्रोतहरुले बताएका छन् । जबलिया शरणार्थी शिविरको ताल-जातर क्षेत्रमा लागेको आगलागीमा परी मृत्यु हुनेको स्र्‌्या बढ्न सक्ने अनुमान गरिएको इन्डोनेसियाली अस्पतालका निर्देशक सलाह अबु लैलाले जानकारी दिनुभएको छ ।

प्यालेस्टिनी सिभिल डिफेन्सले एक विज्ञप्तिमा उद्धार टोली र धेरै सुरक्षाकर्मी घटनास्थलमा पठाएको घोषणा गरेको छ । प्यालेस्टिनी प्रत्यक्षदर्शीहरुले आगो नियन्त्रण गर्न एम्बुलेन्स र सिभिल डिफेन्सका कर्मचारीहरूले घण्टौसम्म काम गरिसकेको बताएका छन् ।

प्रारम्भिक अनुसन्धानले भवनभित्र ठूलो मात्रामा भण्डारण गरिएको इन्धनका कारण आगलागी भएको हुनसक्ने संकेत गरेको गाजाको आन्तरिक मन्त्रालयले एक विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

# एशिया-प्रशान्त समूह निर्माणका लागि चिनियाँ राष्ट्रपति सीको आग्रह

**सिन्ह्वा**

बैङ्कक । चिनियाँ राष्ट्रपति सी चिनफिङले एशिया-प्रशान्त क्षेत्रका समुदायको भावनालाई अनुसरण गर्दै साझा भविष्यसहितको एशिया-प्रशान्त समुदायतर्फ निरन्तर अघि बढ्नुपर्नेमा जोड दिनुभएको छ ।

उनीहरू एउटै डुङ्गामा यात्रा गर्ने यात्रुसरह एकअर्काको हेरचाह गर्दै अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभएको छ । २९ औँ एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) आर्थिक नेताहरूको बैठकलाई सम्बोधन गर्दै सीले भन्नुभयो, "एशिया-प्रशान्त क्षेत्र हाम्रो घर हुनुका साथै विश्वव्यापी आर्थिक विकासको शक्तिकेन्द्र पनि हो । बितेका दशकहरूमा, यस क्षेत्रमा बलियो आर्थिक सहयोगले 'एशिया-प्रशान्त चमत्कार' सिर्जना गरेको छ जुसको विश्वभर प्रशंसा गरिएको छ । राष्ट्रपति सीले अन्तर्राष्ट्रिय निष्पक्षता र न्याय कायम गर्ने र शान्ति र स्थिरताको एशिया-प्रशान्त क्षेत्र निर्माण गर्न राष्ट्रहरूलाई आग्रह गर्दै पारस्परिक सम्मान, ऐक्यबद्धता र सहयोगको महत्वलाई विशेष जोड दिन सम्मेलनमा सहभागी नेताहरूसँग आग्रह गर्नुभयो ।

*२९ औँ एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) आर्थिक नेताहरूको बैठकलाई सम्बोधन गर्दै सीले भन्नुभयो, "एशिया-प्रशान्त क्षेत्र हाम्रो घर हुनुका साथै विश्वव्यापी आर्थिक विकासको शक्तिकेन्द्र पनि हो ।*

उहाँले खुलापन र समावेशिताप्रति प्रतिबद्ध रहन र एशिया-प्रशान्त क्षेत्रका सबैका लागि समृद्धि ल्याउन सामुहिक प्रतिवद्धताका लागि आह्वान गर्नुभयो । एशिया-प्रशान्त सहयोगलाई रणनीतिक र दीर्घकालीन दृष्टिकोणबाट हेर्नुपर्ने, क्षेत्रीय सहयोगको मुख्य च्यानलका रुपमा एपेकको भूमिकालाई कायम राख्नुपर्ने र एशिया-प्रशान्त सहयोगलाई सही दिशामा लैजानुपर्ने उहाँले बताउनुभयो ।

# सुरक्षा परिषद्मा नयाँ स्थायी सीट सृजना गर्न बेलाइत सहमत

**एएनआई**

न्यूयोर्क । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा नयाँ स्थायी सीट सृजना गर्न बेलाइतले सहमति जनाएको छ । साथै उसले भारत, जर्मनी, जापान र ब्राजिललाई नयाँ सदस्यका रूपमा परिषद्मा भित्र्याउन आफ्नो पूर्ण समर्थन रहको बताउँदै परिषद् विस्तारका निम्ति आह्वान पनि गरेको छ ।

सुरक्षा परिषद् सुधारसम्बन्धमा बिहीबार भएको वार्षिक बहसलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसङ्घका लागि बेलाइतका राजदूत बारबरा वुडवर्डले स्थायी र गैर-स्थायी सदस्यका लागि आफ्नो देशको समर्थन दोहोर्‍याइन् । उनले संयुक्त अधिराज्यले लामो समयदेखि सुरक्षा परिषद्को स्थायी र अस्थायी सीट विस्तारको आह्वान गर्दै त्यसलाई समर्थन गरेको बताउँदै सुरक्षा परिषद्को कुल सदस्यतालाई २० को हाराहारीमा पुर्‍याउने प्रस्तावमा पनि आफ्नो राष्ट्रको विमति नरहेको स्पष्ट गरिन् । "हामी भारत, जर्मनी, जापान र ब्राजिलका लागि नयाँ स्थायी सिटहरूको निर्माणका साथै परिषद्मा स्थायी अफ्रिकी प्रतिनिधित्वको समर्थन गर्छौं,' उनले भनिन् ।

महासभाले आफ्नो वार्षिक बहसलाई वक्ताहरूले १५ सदस्यीय निकायलाई विस्तार गर्न र त्यसलाई पारदर्शी, समावेशी, प्रतिनिधिमूलक, जवाफदेही एवम् प्रभावकारी बनाउन अपील गर्दै आफ्नो वार्षिक बहस प्रारम्भ गरेको थियो । बहसमा भागलिँदै संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधि रुचिरा कम्बोजले ब्राजिल, जर्मनी, जापानलगायत जी फोरका तर्फबाट मन्तव्य व्यक्त गर्दै चार दशकसम्म समतामूलक प्रतिनिधित्व पाएको परिषद्मा ठोस काम हुन नसकेकामा खेद प्रकट गरिन् । लामो समयसम्म परिषद्मा सुधार रोकिएकामा उनले चिन्ता व्यक्त गरिन् ।




वीरगञ्जको इनर्वास्थित भन्सारको मुख्य सडकमा शुक्रबार सशस्त्र प्रहरीले बेरिकेट लगाई वाहन तथा व्यक्तिको आवतजावतमा रोक । निर्वाचनका बेला सीमापारिबाट हुन सकिने सम्भावित आपराधिक गतिविधिलाई रोक्न भारतसँग जोडिएका जिल्लाको सबै नाकालाई गएराती १२ बजेदेखि ७२ घण्टाका लागि बन्द गरिएको पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिनुभयो । *तस्बिर : रासस*

# व्यावसायिक पशुपालनमा मधेश प्रदेश पछाडि



काठमाण्डु । नेपाली किसान थारा गाई पालनबाट सोचे जति दुःखी देखिँदैनन् । उनीहरुका लागि थारागाई पालन बाध्यता होइन रहर बनेको छ । गाई नेपालको राष्ट्रिय जनावर हो । राष्ट्रिय जनावर संरक्षण गर्नुलाई आम किसानले रहर सम्झेका छन् । आम नेपालीले गाईलाई लक्ष्मीको अवतारका रुपमा पुज्ने गर्छन् । त्यसैले, दूध दिन छोडेका बुढा एवं थारागाई पालनबाट किसानले यहाँ प्राङ्गारिक मल उत्पादन गर्ने गरेका छन् ।

दूधालु गाईपालन भन्दा थारा गाईको सङ्ख्या ३७ प्रतिशत अर्थात नौ हजार एक सय चार छ । देशभर दूधालु गाईको सङ्ख्या ६३ प्रतिशत अर्थात् १५ हजार तीन सय आठ छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले पछिल्लो पटक सार्वजनिक गरेको तथ्याङ्कमा देशभर छ हजार चार सय ८६ व्यावसायिक पशुपालन फार्म छन् । जसमध्ये एकहजार दुई सय ३३ गाई, नौ सय १४ भैँसी, ४३ राँगा, दुई हजार दुई सय ९५ बाख्रा तथा च्याङ्ग्रा, पाँच सय ७२ भेडापालन व्यावसायिक रुपमा सञ्चालनमा छन् ।

सङ्ख्याका हिसाले फार्म सञ्चालनमा आए पनि नेपाल भने अझै दूध तथा दूग्धजन्य पदार्थ एवं मासुमा आत्मनिर्भर हुनसकेको छैन । नेपालमा सबैभन्दा धेरै राँगा भैँसीको मासु खपत हुने गरेको छ । नेपाललाई वार्षिक तीन लाख लिटर दूध अपुग रहेको छ भने राँगाभैँसीको मासु झन्डै ६० प्रतिशत खपत हुने गरेको तथ्याङ्कमा उल्लेख छ । सबैभन्दा धेरै राँगाभैँसीको मासु उपत्यकामा खपत हुन्छ । त्यसैगरी मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कमा एक सय १८ मासु प्रयोजनका लागि र तीन सय ६४ पाठापाठी उत्पादनका लगि सुङ्गुरपालन फार्म रहेका छन् । गाईभैँसी (मिश्रित) फार्म चार सय ८३ भेडाच्याङ्ग्रा र बाख्रा (मिश्रित) एक सय ९८ र अन्य मिश्रित दुई सय ६५ फार्म रहेका छन् । व्यावसायिक पशुपालनमा प्रदेश नं १ मा सबैभन्दा धेरै एक हजार दुई सय ७० र सबैभन्दा कम मधेश-प्रदेशमा चार सय चार पशुपालन फार्म रहेका छन् ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालय, विश्व खाद्य तथा कृषि सङ्गठन र केन्द्रीय तथ्याङ्क विभागको संयुक्त प्रयासमा तयार गरी सार्वजनिक गरिएको तथ्याङ्कमा जम्मा ४४ हजार आठ सय ७३ गाईगोरु व्यावसायिक पालन गरिएकोमा उन्नत गाईगोरुको सङ्ख्या ३३ हजार सात सय ५७ रहेको छ । तथ्याङ्कमा सबैभन्दा उन्नत गाईगोरु वाग्मती प्रदेशमा नौ हजार तीन सय ६४ र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा दुई हजार दुई सय ७४ रहेका छन् । त्यसैगरी देशैभर कूल ३४ हजार छ सय ५३ राँगाभैँसी व्यवसायिक रुपमा पालिएका छन् । जसमध्ये उन्नत जातका राँगाभैँसीको सङ्ख्या २४ हजार चार सय ४७ रहेका छन् । सबैभन्दा बढी गण्डकी प्रदेशमा ११ हजार चार सय ६९ र सबैभन्दा कम सूदुरपश्चिम प्रदेशमा एक हजार छ सय ३० रहेको छ ।

त्यसैगरी एक लाख ५० हजार पाँच सय ६८ बाख्रा व्यवसायिक रुपले पालन गरिएको छ । जसमध्ये उन्नत जातका बाख्राको सङ्ख्य ६७ हजार ६७ रहेको छ । उन्नत जातका बाख्रामा बोर जातका बाख्रा सबैभन्दा धेरै ३१ हजार छ सय ३७ र जमुनापारी जातका २३ हजार छ सय ६३ बाख्रा व्यावसायकि रुपमा पालन गरिएको छ । सबैभन्दा धेरै बाख्रापालन प्रदेश नं १ मा ३३ हजार दुई सय १३ र सबैभन्दा कम मधेश प्रदेशमा छ हजार पाँच सय दुई रहेको उल्लेख छ ।

नेपालमा व्यावसायिक च्याङ्ग्रापालनको सङ्ख्या ३१ हजार सात सय ८१ र भेडा ८८ हजार चार सय २१ रहेको छ । सबैभन्दा धेरै बरुवालजातको भेडा १३ हजार तीन सय ३४ र सबैभन्दा कम छ हजार दुई सय ४८ कागेजातका छन् । सबैभन्दा धेरै भेडा तथा च्याङ्ग्रा ३४ हजार नौ सय ७५ कर्णाली प्रदेशमा र सबैभन्दा थोरै मधेश प्रदेशमा तीन सय ९५ वटा पालन गरिएको छ । नेपालमा व्यावसायिक सुङ्गुरपालनको सङ्ख्या ३८ हजार तीन सय छ रहेको छ । सबैभन्दा धेरै सुङ्गुरपालन प्रदेश नं १ मा १६ हजार आठ सय ८४ र सबैभन्दा कम मधेश प्रदेशमा पाँच सय २८ पालन गरिएको छ । कूल दूधालु गाई १५ हजार तीन सय ८० वटाबाट दूध दिने अवधिसम्म चार करोड ५८ लाख तीन हजार चार ५७ लिटर दूध उत्उपादन हुने गरेको छ ।

सबैभन्दा धेरै दूध वाग्मती प्रदेशमा एक करोड ३५ लाख ९८ हजार पाँच सय १० लिटर दूध उत्पादन हुन्छ । स्थानीय जातका गाईले सरदर नौ महिना र उन्नत जातका गाईले दश महिना दूध दिने गरेको तथ्याङ्कमा उल्लेख छ । प्रति गाई दिन सरदर १० लिटर दूध उत्पादन हुने गरको छ । नेपालमा व्यावसायिक भैँसी फार्मबाट ८३ लाख ८८ हजार एक सय ८३ लिटर दूध उत्पादन हुने गरेको छ । नेपालमा भैँसीको दूध उत्पादन गण्डकी प्रदेशमा धेरै हुने गरेको छ । भैँसीले सरदर नौ महिनासम्म दूध दिने गरेको तथ्याङ्कमा उल्लेख छ ।रासस

# साढे पाँच महिनामा १० अर्ब ३८ करोडको बिजुली बिक्री

काठमाण्डु । बिजुली निर्यातबाट मुलुकले रु १० अर्ब ३८ करोड ९६ लाख बराबरको आम्दानी गरेको छ ।

पछिल्लो विवरणअनुसार यस वर्षको पहिलो साढे पाँच महिनामा गरिएको बिजुलीको निर्यातबाटै उल्लेखित आम्दानी भएको हो । देशभित्र खपत गरी अतिरिक्त भएको एक अर्ब २६ करोड २५ लाख ३८ हजार युनिट बिजुली नेपाल विद्युत प्राधिकरणले निर्यात गरेको हो । यो गत कात्तिकसम्मको विवरण हो ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् गत १९ जेठदेखि इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्री सुरु गरेको थियो । भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ (भारु)मा हुने भएकाले यस अवधिमा विद्युत् बिक्रीबाट छ अर्ब ४९ करोड ३५ लाख भारु नेपाल भित्रिएको छ । यसबाट नेपालको विदेशी मुद्रा सञ्चिति र दुई मुलुकबीचको व्यापार घाटालाई कम गर्न योगदान पुगिरहेको छ ।

सुरुमा दुई विद्युत्गृहको ३९ मेगावाट उत्पादित विद्युत्लाई स्रोत मानी दैनिकरुपमा आइएक्समा बिक्री गरिएको थियो । त्यसपछि गत २७ जेठदेखि दैनिकरुपमा छ वटा जलविद्युत्गृहबाट उत्पादित विद्युत्लाई स्रोत मानी दैनिकरुपमा तीन सय ६४ मेगावाट भारतीय बजारमा प्रतिशपर्धी दरमा बिक्री हुँदै थियो । गत १८ र ३० कात्तिकबाट क्रमश : चिलिमे र सोलुखोलाको विद्युत् निर्यात सुरु भएसँगै भारततर्फ निर्यात हुने विद्युत्को स्वीकृति क्षमता चार सय नौ मेगावाट पुगेको छ ।

**विद्युत् निर्यातको परिमाण र प्राप्त रकम**

| महिना | निर्यात ऊर्जा (युनिट) | भारतीय रुपैयाँ | नेपाली रुपैयाँ | औसत दर प्रति युनिट(नेपाली रुपैयाँ) |
|---|---|---|---|---|
| जेठ | ६ करोड ५९ लाख १९ हजार | ५० करोड ४ लाख | ८० करोड ६ लाख | १२.१५ |
| असार | २३ करोड ३२ लाख ४ हजार | १ अर्ब २७ करोड ३८ लाख | २ अर्ब ३ करोड ८१ लाख | ८.७४ |
| साउन | २४ करोड २६ लाख ८३ हजार | १ अर्ब २५ करोड ८० लाख | २ अर्ब १ करोड २७ लाख | ८.२९ |
| भदौ | २४ करोड ६७ लाख ८५ हजार | १ अर्ब ४९ करोड ९२ लाख | २ अर्ब ३९ करोड ८८ लाख | ९.७२ |
| असोज | २६ करोड ६५ लाख २७ हजार | १ अर्ब ९ करोड ६१ लाख | १ अर्ब ७५ करोड ३८ लाख | ६.५८ |
| कात्तिक | २० करोड ७४ लाख १९ हजार | ८६ करोड ६० लाख | १ अर्ब ३८ करोड ५५ लाख | ६.६८ |
| जम्मा | १ अर्ब २६ करोड २५ लाख ३८ हजार | ६ अर्ब ४९ करोड ३५ लाख | १० अर्ब ३८ करोड ९६ लाख | ८.२३ |

स्रोत : नेपाल विद्युत् प्राधिकरण ।

खोलानालामा पानीको बहाव घट्दै गएकाले नदी प्रवाहमा आधारित जलविद्युत् केन्द्रबाट विद्युत् उत्पादन कम भएसँगै निर्यातको परिमाण पनि क्रमशः घट्दै गएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो । "उद्योगले अहिले स्वीकृति लोडअनुसार विद्युत् नै लिएका छैनन्, यसले गर्दा देशभित्र औद्योगिक करिडोरमा विद्युत्को माग बढ्न सकिरहेको छैन, अहिलेकै अवस्थामा आन्तरिक खपत धानेर बढी भएको विद्युत् आगामी पुसको पहिलो हप्तासम्म निर्यात गर्न सकिने अनुमान गरिएको छ", उहाँले भन्नुभयो । आइएक्समा २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युत्को कारोबार गरिन्छ । त्यसैले हरेक ब्लकको मूल्य फरक-फरक हुने गरेको छ । प्राधिकरणले कात्तिकसम्ममा निर्यात गरेको विद्युत्को औसत दर प्रतियुनिट आठ रुपैयाँ २३ पैसा रहेको छ ।

**थप २३.५ मेगावाट निर्यात अनुमति**

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको थप २३ दशमलव पाँच मेगावाट जडित क्षमताको सोलुखोला जलविद्युत् केन्द्रको विद्युत् निर्यातका लागि अनुमति पाएको छ । भारत सरकारको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले गत २५ कात्तिकमा सोलुखोलाबाट उत्पादित विद्युत् इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्रीका लागि अनुमति दिएको हो ।

प्राधिकरणले अब आठ जलविद्युत् केन्द्रबाट उत्पादित चार सय नौ मेगावाट विद्युत् भारतीय आइएक्सको डे-अहेड बजारमा बिक्रीका लागि अनुमति पाएको छ । प्राधिकरणले निजी क्षेत्रले निर्माण गरेका २९ दशमलव शुन्य चार मेगावाटको लिखुखोला 'ए', २५ मेगावाटको काबेली ' बी'-एक, २२ मेगावाटको माइखोला, १४ दशमलव नौ मेगावाटको हेवाखोला 'ए' र १० मेगावाटको तल्लो मोदी-एक, ४२ मेगावाटको मिस्त्रीखोला, २४ दशमलव दुई मेगावाटको लिखुखोला 'ए', २३ दशमलव पाँच मेगावाटको सोलुखोला र २२ दशमलव एक मेगावाटको चिलिमेको विद्युत्गृहबाट उत्पादित विद्युत् निर्यातको प्रस्ताव स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत् प्राधिकरणसमक्ष पेश गरेको थियो । त्यसमध्ये चिलिमे र सोलुखोलाको विद्युत् निर्यातका लागि अनुमति प्राप्त भएको हो ।रासस

# मीरगञ्ज पुल यथाशक्य सञ्चालन हुनुपर्ने

विराटनगर । विराटनगर एकीकृत भन्सार जाँच चौकी (आइसिपी) जोड्ने भारतको बथनाहा-जोगबनी सडकखण्डमा पुलको प्रयोग हुन नसक्दा नेपाली उद्योगी व्यवसायीलाई सास्ती भइरहेको छ । नाकामा पर्ने मीरगञ्ज पुल समयमै निर्माण हुन नसक्दा उद्योगी व्यवसायीहरुले विगत ११ महिनादेखि सामान ओसारपसार गर्नकालागि सुनसरीको भन्टबारी नाका प्रयोग गर्नुपरेको छ ।

जोगबनी नाकाबाट आउने सामान सुनसरीको भन्टाबारी नाका प्रयोग गर्दा दैनिक अतिरिक्त रु एक करोड खर्च भएको उद्योगी एवं व्यापारीहरुको भनाइ छ । भारतीय जोगबनी बजारका व्यापारीसँग प्रतिस्पर्धा गरिरहेका नेपाली व्यापारीलाई मीरगञ्ज पुल निर्माण नहुँदा थप समस्या भएको छ । जसको मार उपभोक्तामा परेको छ । पुलको काम लगभग ९० प्रतिशत पूरा भएको र निकट भविष्यमा सञ्चालनमा आउने नेपाल भारतको सीमा सुरक्षा बैठकमा अररिया जिल्लाका डिएम इनायक खानले जानकारी दिएको मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले जानकारी दिनुभयो ।

बैठकमा नेपाली पक्षले नाका र पुलको विषय छलफलमा ल्याउँदा डिएम खानले सो जानकारी दिएको प्रजिअ दाहालले बताउनुभयो । मोरङ व्यापार सङ्घका अध्यक्ष नवीन रिजालले यो पुल र नाका सञ्चालनमा ल्याउने बारम्बार आग्रह गर्दा पनि सञ्चालनमा आउन नसकेको बताउनुभयो । उहाँले पुल र नाका सञ्चालनमा नआउँदा समय र लागत बढ्न गई उद्योगी, व्यापारी मात्र नभएर उपभोक्तालाई पनि समस्या परेको बताउनुभयो । रासस

# उत्पादनतर्फ कोरियन भाषा परीक्षाको नतिजा सार्वजनिक

काठमाण्डु । उत्पादनमूलक क्षेत्रतर्फ दोस्रो चरणको कोरियन भाषा परीक्षाको नतिजा प्रकाशन भएको छ । गत भदौ २० देखि कात्तिक २१ सम्म सञ्चालित परीक्षाको नतिजा एचआरडी कोरियाबाट प्राप्त भएको इपिएस कोरिया शाखाले जनाएको छ ।

भाषा परीक्षामा आठ हजार सात सय ८५ जना उतीर्ण भएका छन् । सो भाषा परीक्षामा सहभागी हुन १८ हजार पाँच सय ९५ जनाले आवेदन दिएका थिए । आवेदन दिएकामध्ये १४ हजार ४३ जना परीक्षामा सहभागी भएका थिए । उत्पादनतर्फ पहिलो चरणको भाषा परीक्षाको नतिजा गत भदौमा सार्वजनिक भइसकेको छ ।

पहिलो चरणमा सात हजार एक सय ४२ जना भाषा परीक्षामा उत्तीर्ण भएका थिए । सन् २०२२ को उत्पादनतर्फको भाषा परीक्षा सम्पन्न भएको इपिएस कोरिया शाखाका निर्देशक पुष्पराज कटुवालले जानकारी दिनुभयो । उत्पादनतर्फ सन् २०२३ का लागि भने केही ढिला मात्र परीक्षा सञ्चालन हुनेछ । सन् २०२२ का लागि पहिलो र दोस्रो चरणमा उत्तीर्ण भइ रोष्टरमा रहेका दुईतिहाइ व्यक्ति रोजगारीका लागि कोरिया गएपछि मात्र उत्पादनतर्फको परीक्षाको तालिका सार्वजनिक हुने उहाँले बताउनुभयो । २०२२ मा उत्पादनतर्फ १५ हजार नौ सय २७ जना भाषा परीक्षा उत्तीर्ण भइ रोष्टरमा छन् ।

सन् २०२३ का लागि कृषितर्फको भाषा परीक्षा आगामी डिसेम्बर/जनवरी महिनामा हुनेछ । सन् २०२२ का लागि कृषितर्फ उत्तीर्ण भएका तीन हजारमध्ये आधाभन्दाबढीको रोजगार सम्झौता आइसकेको छ । "सन् २०२२ का लागि कृषि क्षेत्रतर्फ उत्तीर्ण भएका एक हजार ५०० जनाको रोजगार सम्झौता आइसकेको छ", निर्देशक कटुवालले भन्नुभयो, "बाँकीको पनि रोजगार सम्झौता आउने चरणमा छ ।" रासस

# मङ्सिर १२ गतेदेखि भैरहवाबाट भारतको नयाँदिल्ली उडान गर्ने नेपाल एयरलाइन्सल

काठमाण्डु । नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा रहेको रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर र्षिट्रय विमानस्थलबाट भारतको नयाँदिल्ली गन्तव्यमा उडान गर्ने भएको छ ।

राष्ट्रिय ध्वजाबाहक नेपाल एयरलाइन्सले यही मङ्सिर १२ गतेदेखि गौतमबुद्ध विमानस्थलबाट पहिलो अन्तर र्षिट्रय उडानस्वरुप नयाँदिल्ली गन्तव्यमा उडान सञ्चालन गर्न लागेको हो । भैरहवा-नयाँदिल्ली गन्तव्यमा साताको चार उडान सञ्चालन गर्ने गरी तयारी गरिएको एयरलाइन्सका प्रवक्ता अर्चना खड्काले जानकारी दिनुभयो । उहाँका अनुसारसातामा चार दिन सोमबार, बुधबार, शुक्रबार र शनिबार उडान गर्ने गरी उडान तालिका स्वीकृतिका लागि प्राधिकरणसमक्ष पेश गरिएको छ । निगमको न्यारोबडी ए ३२० हजाजले काठमाडौँदेखि नयाँदिल्ली भएर भैरहवा गन्तव्यमा उडान भर्नेछ । जसअनुरुप नेपाल एयरलाइन्सले जहाज काठमाडौँबाट दिल्ली पुगेर भैरहवा फर्किनेछ ।

भैरहवामा यात्रु ओराले र उक्त जहाज पुनः काठमाडौँ फर्किनेछ । काठमाडौँ-नयाँदिल्ली गन्तव्यमा एक घण्टा १५ मिनेटको उडान हुनछ भने दिल्लीबाट भैरहवामा करिब एक घण्टाको उडान हुन्छ । भैरहवाबाट २५ मिनेटको यात्रा तय गरेर जहाज काठमाडौँ विमानस्थल आइपुग्नेछ ।

नेपाल एयरलाइन्सलाई भैरहवाबाट दिल्ली उडानका लागि अनुमति दिइएको नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले बताउनुभयो । "नेपाल एयरलाइन्सले काठमाडौँ-दिल्ली भैरहवा उडान अनुमतिका लागि कागजात पेश गरेको थियो, हामी (प्राधिकरणले) उडान तालिकाका लागि काठमाडौँ विमानस्थललाई पठाएका छौ । भैरहवामा उडान गर्ने भएकाले अनुमति दिएका छौँ ।"

नेपाल एयरलाइन्सले भैरहवाबाट पनि उडान गर्ने तालिका पेश गरेकाले प्राधिकरणबाट यसअघि स्थगन गरिएको उडान खुलाइएको उहाँले उल्लेख गर्नुभयो । नेपाल एयरलाइन्सले यसअघि काठमाडौँ-नयाँदिल्ली गन्तव्यमा दैनिक दुई उडानअर्थात् साताको १४ उडान गर्दै आएको थियो । प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिकरूपमा तीनभन्दा बढी उडान गर्ने विमान कम्पनीलाई भैरहवाबाट पनि गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेपछि निगमको दिल्ली नेपाल एयरलाइन्सको दिल्ली उडान कटौती भई सातामा १० उडानमा सीमित गरिएको थियो । जसका कारण हिमालय एयरलाइन्सले कात्तिक १७ देखि गौतमबुद्ध विमानस्थलबाट चार्टर्ड उडान सुरु गरेको थियो ।

*विसं २०७९ जेठ २ गतेदेखि सञ्चालनमा आएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हाल कुवेतको जजिरा एयरलाइन्सले सातामा तीनवटा उडान गरिरहेको छ । राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा स्वदेशी कम्पनीले कम्तीमा पनि एउटा अन्तर्राष्ट्रिय उडान गर्दै अन्तर र्षिट्रय एयरलाइन्सलाई आकर्षित गर्न नियामक निकायले बाध्यकारी व्यवस्था गरेको थियो ।*

नेपाल एयरलाइन्सले पनि थप उडानका लागि भैरहवा विमानस्थलबाट उडान गर्न लागेको हो । भैरहवाबाट न्यारोबडी र वाइडबडी ए३३० जहाजबाट उडान गर्ने अनुमति दिएको जनाइएको छ ।

नेपाल एयरलाइन्सको जहाज दिल्ली पुगेर भैरहवा हुँदै काठमाडौँ फर्कदा भैरहवाबाट रित्तै काठमाडौँ आउनुपर्ने हुन्छ । भैरहवाबाट पनि काठमाडौँ यात्रु ल्याउनका लागि के कसरी गर्ने भन्नेबारे छलफल भइरहेको प्रवक्ता खड्काले बताउनुभयो । "भैरहवाबाट पनि यात्रु उठाएर काठमाडौँ ल्याउने कि भन्ने 'प्लानिङ' भइरहेको छ । यसरी भैरहवाबाट काठमाडौँ आउने यात्रु आन्तरिक यात्रु हुने भएकाले उनीहरुलाई अध्यागमन, भन्सारलगायत प्रक्रिया पूरा गर्नु नपर्ने भएकाले आन्तरिकबाट ल्याउनेकी अन्तर्राष्ट्रियबाट ल्याउने भन्नेबारे गृहकार्य गरेर निर्णयमा पुग्छौँ ।"

दिल्ली गन्तव्य र दिल्ली भएर भैरहवा गन्तव्यमा साविकको भाडादरमा उडान गर्ने योजना रहेको छ । एयरलाइन्सले यात्रुको चाप र बजारको विश्लेषण गरेर भैरहवाबाट सीधा दिल्ली उडान गर्ने योजना बनाएको छ । नेपाल एयरलाइन्सले भारतको मुम्बाईमा साताको तीन दिन आइतबार, बुधबार र शुक्रबार तथा बैङ्लोर गन्तव्यमा साताको तीन दिन शनिबार, मङ्गलबार र बिहीबार उडान गर्दै आएको छ ।

नेपाल एयरलाइन्सले भारतका तीनसहित आठ देशका १० गन्तव्यमा अन्तर र्षिट्रय उडान गर्दै आएको छ । एयरलाइन्ससँग अन्तर्राष्ट्रिय उडानका लागि दुई थान वाइडबडी ए-३३० र दुई थान न्यारोबडी ए-३२० जहाज छन् । विसं २०७९ जेठ २ गतेदेखि सञ्चालनमा आएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हाल कुवेतको जजिरा एयरलाइन्सले सातामा तीनवटा उडान गरिरहेको छ ।

राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा स्वदेशी कम्पनीले कम्तीमा पनि एउटा अन्तर्राष्ट्रिय उडान गर्दै अन्तर्राष्ट्रिय एयरलाइन्सलाई आकर्षित गर्न नियामक निकायले बाध्यकारी व्यवस्था गरेको थियो । प्राधिकरणले नेपालका दुई नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्ससहित पाँच अन्तर्राष्ट्रिय एयरलाइन्सलाई गौतमबुद्ध विमानस्थलबाट उडान गर्न लिखितरूपमा आग्रह गरिसकेको छ ।रासस

# ‘हाम्रो भन्दा पनि राम्रोलाई मत दिन्छु’

जनकपुरधाम । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य पदका लागि आइतबार निर्वाचन हुँदै छ अगामी पाँच वर्षका लागि मतदाताले आफ्ना सांसद छनोट गर्दैछन् । संविधान कार्यान्वयन, संघीयता संस्थागत र विकास पूर्वाधारजस्ता प्रमुख एजेण्डा उम्मेदवारहरुले मतदातासमक्ष राखेका छन् ।

धनुषामा चार प्रतिनिधिसभा र आठ प्रदेशसभा सदस्य पदका लागि हुने निर्वाचनमा प्रमुख दलबाट अधिकांश पुरानै अनुहार दोहोरिएका छन् । प्रतिनिधिसभामा धनुषाको सबै क्षेत्र मिलएर एक सय तीन जना प्रतिस्पर्धामा छन् भने आठ सिट रहेको प्रदेशसभा सदस्य पदका लागि एक सय ३८ जना उम्मेदवार छन् । प्रमुख दलका उम्मेदवारहरु चुनावी तालमेल गरेका छन् । त्यसकारण धनुषामा दलभन्दा स्वतन्त्र उम्मेदवार बढी देखिएको छ । स्वतन्त्र उम्मेदवारी दिएका कतिपयले पार्टीमा अवसर नपाएर विद्रोह गरी उम्मेदवारी दिएको देखिन्छन् । जनताले पुरानै देखिएको दलका उम्मेदवार अथवा स्वतन्त्र कसलाई पत्याउँछन्, त्यसको लागि मत परिणामलाई पर्खिनु पर्छ । तर जनताले कस्ता नेता चुन्दैछन् ? कुन आधारमा मतदान गर्दै छन ? उम्मेदवारी दिएका नेता योग्य छन् की अयोग्य छन् ? यस्तै विषयमा जनकपुर टुडेकर्मीले आम मतदातासँग कुराकानी गरेको छ । प्रस्तुत छ, मतदातासँगको सम्पादित अंश ।



**आदित्य सहनी, विद्यार्थी**
**जनकपुरधाम–२२ बिन्ही**

यस निर्वाचनमा उत्साह छैन् । विगतको निर्वाचनमा जुन एजेण्डा र अपेक्षाका साथ मत दिएर जितायौं, त्यो पूरा भएको छैन् । त्यसकारण उत्साह हुनपर्ने खाशै कारण छैन् । ठूला भनिएका नेताहरु पाँच वर्ष चुप लागेर बस्छन् र निर्वाचनको बेला पैसाको खोला बगाएर जित्ने प्रयास गर्छन् । भनेपछि सामान्य अर्थमा जनतालाई उनीहरुले अबुझ ठानेका छन् । यसपालि त्यस्तो हुन नदिने हामी जस्ता युवाले भूमिका खेल्नु पर्छ । हाम्रै हातमा छ, मत दिएर योग्य नेता चुन्ने की मत दिएर पाँच वर्ष पश्चताप गर्ने । पार्टीले योग्य, युवा र नयाँ अनुहार उठाएको देखिदैनन् । तसर्थ भएकै उम्मेदवार मध्ये राम्रालाई मतदान गर्ने छु ।



**अजय कुमार साह**
**हँसपुर नगरपालिका**

मतदान गर्न तयार छु । जनहितको लागि काम गर्ने उम्मेदवारलाई मत दिन्छु । बोलीको पक्का, निष्पक्ष र आग्रह पूर्वाग्रह नराख्ने नेता समाज र राष्ट्लाई चाहिएको छ । जनतामा भिजेको उम्मेदवारलाई जिताउनु पर्छ । हामीले खोजेका नेता अहिले सम्म पाएका छैनौं । तर विस्तारै नेताहरुमा पनि परिर्वतन आएको छ । दलहरु विभिन्न कारण पुरानै तथा ठेकेदार नेताहरुलाई प्राथमिकतामा राखेर चुनावमा उठाएका छन् । जनताले यस्ता उम्मेदवारलाई यस पटक परास्त गर्ने छन् । नेताको लगानी जनताभन्दा बढी पार्टीको कार्यकर्ता र आसेपासेमा भएको देखिन्छ । त्यसैकारण हो, नेताप्रति जनताको विश्वाश नहुनु । समग्र विकासका लागि काम गर्ने नेता चाहिएको छ ।



**खुश्बु साह**
**जनकपुरधाम–४**

हाम्रो भन्दा पनि राम्रो लाई मत दिनुपर्छ । हामीले छनोट गर्ने व्यक्ति कर्तव्यनिष्ट हुनुपर्छ । सबै समुदायलाई साथ लिएर अगाडि बढ्ने खालको हुनु पर्छ । कसैलाई भेदभाव नगरी सबैको हक अधिकार सुनिश्चित गर्न खाल नेताको समाज र राष्ट्लाई चाहिएको छ । अहिलेको नेताहरुमा यी गुण भए पनि विभिन्न कारण जनतामुखी र जनताको अपेक्षा अनुसार काम गर्न सकेका छैनन् । अर्को कुरा नेताहरु बढी कमिसन आउने काम अर्थात पूर्वाधार निर्माण क्षेत्रमा गरेका छन् । तर अहिलेको आवश्यकता उत्पादन क्षेत्रमा लगानी गर्नुपर्ने हो । त्यसकारण प्राथमिकताको आधारमा काम गर्ने नेता हामीले छनोट गर्नुपर्छ । शिक्षा र स्वास्थ्यको पक्षमा ठोस योजनासहित काम गर्न सक्ने नेतालाई हामीले जिताए मात्रै परिवर्तन हुन्छ ।



**श्याम दास**
**मनहरपुर**

मतदान गर्न र आफ्ना नेता छनोट गर्न आतुर छु, खुशी छु । यस पटक किसानको पक्षमा काम गर्ने नेतालाई मतदान गर्छु । किसानको लागि समयमा मल, बीउ र सिंचाइ गर्ने नेतालाई मत दिन्छु । गाउँमा नेता भेट्न त आउँदैनन् । तर काम परेपछि भेट्न जादा काम गर्दिन्छन् । नेता भन्दा बढी कर्मचारीहरुले किसान र जनतालाई दुःख दिन्छन् ।



**विजय यादव**
**शहीदनगरपालिका**

मतदान त गर्नै पर्छ । तर हामीले विकासप्रेमी नेता पाउन अझै एक दशक पर्खिनु पर्छ जस्तो मलाई लाग्छ । हाम्रा नेताहरु भिजनसहितका छैनन् । उनीहरुले कमाउने आधारमा काम गरेको देखिन्छ । उनीहरुले सोझा जनतामाथि जहिले राजनीति गरेको हुन्छ । नागरिकता विधेयकमा पनि सबै दलको त्यही नियति देखिएको छ । एउटाले ल्याएपछि अर्कोले न मान्ने ।

# आशलाग्दा निर्वाचन प्रचार

**ब्लग :**



**श्यामसुन्दर शशि**

बिहीवार मध्यराति वा भनौ शुक्रवार विहानदेखि मौन अवधि सुरु भएको छ । अर्थात् मंसिर ४ गते आइतवार हुने प्रदेश र प्रतिनिधिसभा निर्वाचनका उम्मेदवार,राजनीतिक दल वा भोटर र सोटरहरु प्रत्यक्ष रुपमा मतदातासंग मत माग्न पाउँने छैनन् । सभा,सेमिनार,नारा,जुलुस आदि गर्न पाउँने छैनन् । मतदाताहरुले दल र उम्मेदवार हरुको वर्तमान,भूत र भविष्यलाई मनन गरी आफ्नो बुद्धि र विवेकको प्रयोग गरी मतदान गर्न पाउँने छन् । मतदान गर्ने बेला आफ्ना सखा सन्तानको भविष्यलाई ख्याल गर्नेछन् । अनि ढुक्कसंग मतदान गर्नेछन् ।

आदरणीय मतदाताहरुलाई थाहै होला - यस पटक चार थान मतपत्र हुने छ । १,२,३ र ४ लेखिएका चार थान मतपेटिका रहने छन् । पहिलो मतपत्र प्रतिनिधिसभाका प्रत्यक्षतर्फका उम्मेदवारको हुने छ । जसमा सेता पृष्ठभूमिको कागजमा रातो रंगले उम्मेदवारहरुको चुनाव चिह्न अंकित रहने छन । मनपरेको एक चुनाव चिह्नमा स्वस्तिक चिह्न लगाएर १ नम्बर लेखिएको मतपेटिकामा हाल्नु पर्नेछ । त्यसपछि सेता पृष्ठभूमिको मतपत्रमा कालो रंगले छापिएका दलहरुको चुनाव चिह्न अंकित रहने छन् । समानुपातिकतर्फको उक्त मतपत्रमा मनपरेको पार्टीको चिह्नमा स्वस्तिक चिह्न लगाएर २ नम्बर मतपेटिकामा हाल्नु पर्नेछ । यसैगरी सेता पृष्ठभूमिमा रातो रंगले छापिएका चुनाव चिह्नमा प्रदेशसभाका प्रत्यक्षतर्फका र सेता कागजमा कालो रंगले छापिएका चुनाव चिह्नमा समानुपातिकतर्फका दलका उम्मेदवारको चिह्नमा स्वस्तिक चिह्न लगाएर क्रमशः ३ नम्बर र ४ नम्बर मतपेटिकामा हाल्नु पर्ने हुन्छ । अर्को शब्दमा भनौ भने मतदाताले चारवटा मतपत्र पाउने छन् र चार पटक मतदान गरी भिन्दा भिन्दै चार मतपेटिकामा हाल्नु पर्नेछ ।

मैले मतदान प्रकृयाबारे यसरी लेख्नु परेको कारण हो,मतदाता शिक्षाको आभाव । हालै एक गैर सरकारी संस्थाले जनकपुरधाममा गरेका नमुना मतदानमा १० प्रतिशत मतदाताको मत बोगस अर्थात् खराप भएको थियो । आफूले रोजेको उम्मेदवार र दललाई मत दिन नसकेपछि दुःख त लाग्छ नै । कसैलाई पछुताउनु नपरोस र दुःखी पनि हुन नपरोस भनेर मैले मतदान प्रकृयाबारे थोरै जानकारी दिन खोजेको हुँ ।

एक महिना भन्दा बढि समयसम्म चलेको निर्वाचन प्रचार अभियानलाई मैले सकारात्मक रुपमा लिएको छु । कारण पछिल्ला चुनावहरुमा देखिएका नारा जुलुस,भडकिलो प्रचार प्रसार,सभा,सेमिनार, रैली र रैला आदि अधिक भएनन् । पोष्टर र बैनरहरुले गाउँ र



नगरका डगरहरु कुरुप बनेनन् । आपसी सद्भाव बिगार्ने किसिमका झडप वा हो हल्ला पनि कम भए । निर्वाचन प्रक्रियालाई संयमित र व्यवस्थित तरिकाले अघि बढाउँने निर्वाचन आयोगलाई धन्यवाद दिनैपर्ने हुन्छ । यसले आम मतदातासंगै खर्चकै कारण उम्मेदवार बन्न डराउने सर्वसाधारणलाई हौसला पनि प्रदान गरेको छ । निर्वाचनमा हुने खर्च घटाउन सके सर्वसाधारण पनि उम्मेदवार बन्न सक्छन् ।

राष्ट्रिय मानव अधिकार आयोग,मधेशी आयोग,आदिवासी जनजाति आयोगलगायतका निकायहरुले हालै बर्दिवासमा मंसिर ४ गते हुने निर्वाचनको व्यवस्थापन बारे एक गोष्ठीको आयोजन गरेको थियो । आयोगहरुको ठहर थियो-‘ यस वर्षको निर्वाचनको प्रचार प्रसार अन्य वर्षहरुको तुलनामा कम भडकिलो भयो ।’ आयोगहरुको ठहरलाई व्यक्तिगत रुपमा मैले पनि स्वीकार गरेको छु तर निर्वाचन आयोगले अझै धेरै थोक गर्न बांकी छन । निर्वाचन प्रचारको क्रममा भारतीय गाडीहरुको खुल्मखुल्ला प्रयोगलाई निर्वाचन आयोगले रोक्न सकेन । मतदाता शिक्षाको अवस्था दयनीय छ । जनकपुरधाममा भएको नमुना मतदानमा १० प्रतिशत मतदाता गलत तरिकाले मतदान गर्छन भन्ने गाउँको अवस्था के होला ? विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्ने तर विद्यालयहरुमै मतदान केन्द्र राख्ने प्रवृति परस्पर मेल खादैनन् ।

२०७८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० छन । जसमा महिलाको संख्या १ करोड ४९ लाख १ हजार १ सय ६९ तथा पुरुषको १ करोड ४२ लाख ९१ हजार ३ सय ११ छन तर अर्थात् पुरुषभन्दा महिलाको जनसंख्या झण्डै ७ लाख अधिक छ । यसैगरी धनुषाको कुल जनसंख्या ८ लाख ७३ हजार २ सय ७४ मध्ये महिलाको ३ लाख ३८ हजार ९ सय ३९ तथा पुरुषको ४ लाख ३४ हजार ३ सय ३५ छन् । जनसंख्याको हिसावले धनुषामा पुरुषभन्दा महिलाको जनसंख्या झण्डै ५ हजार अधिक छ । तर धनुषाका ४ लाख ९ हजार ९ सय ८५ कुल मतदातामध्ये महिलाको १ लाख ९३ हजार १ सय ४ र पुरुषको २ लाख १६ हजार ८ सय ७५ छन् । अर्थात् पुरुषभन्दा झण्डै २४ हजार कम महिला मतदाता छन् । जनसंख्या महिलाको अधिक हुने तर मतदाता पुरुष अधिक हुने ? यो विडम्बनापूर्ण छ । यसले के देखाएको छ भन्ने महिलाको पहुंच मतदाता परिचयपत्र बनाउँने निकायसम्म छैन । घरका मुखिया जो पुरुष हुन्छन् , उनीहरु महिलालाई मतदाता बनाउन चाहदैन । निर्वाचन आयोगले महिलालाई मतदाता बनाउँन विशेष अभियान चलाउनु आवश्यक छ ।

# सबैको ध्यान मतदानमा पुगेको छ

**टुडे समाचारदाता**

महोत्तरी । मतदानपूर्वको स्थिर समय सुरु भएपछि उम्मेदवारले निर्वाचन प्रचारप्रसार रोकिएका छन् । दलका प्रतिनिधि र सबै उम्मेदवार आन्तरिक छलफलमा जुटेका देखिँदो छ । अगामी आइतबार सम्पन्न हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनका लागि बिहीबार मध्यरातदेखि खुला प्रचार अवधि सकिएर स्थिर समय सुरु भएपछि सबैको ध्यान मतदानमा पुगेको छ ।

जिल्लाका सबै क्षेत्रमा सुरक्षागस्ती बढेको छ । आम मतदाताले भयरहित वातावरणमा मतदान गर्न पाउने गरी सुरक्षा व्यवस्था सुदृढ गरिएको जिल्ला प्रशासन कार्यालय र सम्बद्ध सुरक्षा निकायले जानकारी दिएका छन् ।

‘हामीले जिल्लाभरिका सबै मतदानकेन्द्रको पटकपटक अनुगमन गरेर आवश्यक सुरक्षा प्रबन्ध सुदृढ गरेका छौँ’, जिल्ला सुरक्षा समितिका अध्यक्षसमेत रहेका प्रमुख जिल्ला अधिकारी दिपक पहाडीले भने, ‘आम मतदातासँग ढुक्क भएर मतदान गर्न हाम्रो अपिल छ ।’ जिल्लाका कुनै भेग, क्षेत्र वा बस्तीमा अवाञ्छित गतिविधि हुन नपाओस् भन्नेमा स्थानीय प्रशासन र सुरक्षा निकाय सचेत, सजग र सक्रिय रहेको उनको भनाइ छ ।



जिल्लामा सुरक्षा प्रबन्धका लागि करिब पाँच हजार संख्यामा सुरक्षा जनशक्ति परिचालित गरिएको जिल्ला सुरक्षा समितिले जनाएको छ । जिल्लामा जम्मा दुई सय ५८ मतदानस्थल र चार सय ९९ मतदानकेन्द्र छन् । सैनिक व्यारेक र कारागारमा गरी दुई अस्थायी मतदानकेन्द्रसहित मतदानकेन्द्रको जम्मा संख्या पाँच सय एक रहेको छ ।

सबै ठाउँमा मतदान प्रयोजनका सामग्रीसहित मतदानकर्मी जनशक्ति पुगीसकेका जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । जिल्लाभरिका यी मतदानकेन्द्रमा चार हजार पाँच जना कर्मचारी (मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य आवश्यक जनशक्ति) परिचालित गरिएको मुख्य निर्वाचन अधिकृत हेमबहादुर सेनले जानकारी दिए ।

मतदान केन्द्रको स्वयंसेवी सुरक्षा प्रबन्धका लागि अस्थायी प्रहरी (म्यादी प्रहरी) र अन्य आवश्यक सुरक्षा जनशक्ति प्रत्येक मतदान केन्द्रमा पुगिसकेका प्रजिअ पहाडीले बताए ।

निर्वाचन अवधिभरि तीन घेराको सुरक्षा प्रबन्ध गरिएको छ । पहिलो घेरामा नेपाल प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी र तेस्रोमा नेपाली सेना तैनाथ छन् । त्यसैगरी राष्ट्रिय अनुसन्धान कार्यालय महोत्तरीले सुरक्षा व्यवस्था र थप संवेदनशीलताबारे सुक्ष्म निगरानी गरिरहेको जनाइएको छ ।

मतदानस्थलको संवेदनशीलतालाई मध्यनजर गर्दै थप सुरक्षा जनशक्ति परिचालित गरिने जिल्ला सुरक्षा समितिले जनाएको छ । ‘जिल्लाका मतदानस्थलमध्ये एक सय ४३ वटा अति संवेदनशील, एक सय १४ संवेदनशील र एक सामान्यका रुपमा वर्गीकरण गरिएको छ’, प्रजिअ पहाडीले भने, ‘कतै अप्रिय घटना नहोस् भन्नेतर्फ पूर्ण सजगता अपनाइएको छ, संवेदनशीलता वर्गीकरण गरिए अनुसार त्यसको समुचित प्रबन्धमा जनशक्ति परिचालित छ ।’ जिल्लाको भारतसँग सीमा जोडिएको करिब ३९ किलोमिटर दूरीभित्र नियमित सुरक्षा गस्ती भइरहेको छ।

सीमाक्षेत्रबाट हुने दोहोरो आवतजावत गर्न स्थानीय प्रशासनले बिहीबार मध्यरातदेखि नै पूर्णरुपमा रोक लगाएको छ । सवारी साधनमात्र नभएर सीमाक्षेत्र वारपार गर्न पैदलयात्रीलाई पनि रोक लगाइएको प्रजिअ पहाडीले स्पष्ट गरे ।

सीमाक्षेत्रबाट हुनसक्ने अवाञ्छित गतिविधि रोक्न दुवै (नेपाल/भारत)तर्फ सीमासँग जोडिएका बस्तीमा सुरक्षा पोष्ट खडा गरिएका छन् । भारतीय सुरक्षा अधिकारी र प्रशासकसँग नियमित सम्पर्कमा रहिएको उनको भनाइ छ ।

मंसिर-४ गते बिहान सात बजेदेखि सुरु हुने मतदानको आवश्यक चाँजो र व्यवस्थापन पूरा भएको जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । निर्वाचन प्रयोजनको खुला प्रचार अवधि बिहीबार मध्यरातमै सकिएर अब स्थिर समय सुरु भएको हुँदा आचारसंहिताको पूर्ण पालनाका लागि सम्बद्ध सबैपक्षसँग पटकपटक अनुरोध गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

जिल्लामा चार प्रतिनिधिसभा र आठ प्रदेशसभा क्षेत्र छन् । दुबैतर्फ गरी दुई सय २९ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । ती मध्ये क्षेत्र नं १ मा ५५ जना (प्रतिनिधिसभा र प्रदेशसभासमेत), क्षेत्र नं २ मा ५६ जना, क्षेत्र नं ३ मा ५९ जना र ४ मा पनि ५९ जना छन् । यी सबै गरी स्वतन्त्र उम्मेदवारको संख्या एक सय ३६ रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

जिल्लामा यसपटक तीन लाख ९७ हजार ३० मतदाता छन् । जसमा पुरुष दुई लाख १५ हजार एक हजार ३१, महिला एक लाख ८१ हजार आठ सय ९८ र अन्य (तेस्रोलिङ्गी) एक जना रहेका जिल्ला निर्वाचन कार्यालय महोत्तरीले यसअघि नै जानकारी दिइसकेको छ ।

# निर्वाचनका लागि सुरक्षा व्यवस्था कडा

**टुडे समाचारदाता**

जनकपुरधाम । आइतवार हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचनका लागि मधेश प्रदेशको सुरक्षा व्यवस्था कडा पारिएको छ । निर्वाचनलाई मध्यनजर गर्दै सुरक्षा व्यवस्था कडा पारिएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

मधेश प्रदेशको ८ वटै जिल्लाको ३६७ किलोमिटर सीमा भारतसंग जोडिएको छ । भारतसँगको खुल्ला सिमाना रहेका कारण सुरक्षा व्यवस्थालाई ध्यानमा राखेर विहीवार राति १२ बजेदेखि नै सबै सीमा नाकाहरु शील गरिएको छ भने सीमावर्ती क्षेत्रमा व्यापक मात्रामा सुरक्षाकर्मी परिचालन गरिएको छ ।

मधेश प्रदेशमा निर्वाचनका लागि २ हजार १ सय ५६ मतदान स्थलमा ४ हजार २ सय ३५ मतदान केन्द्र तोकिएको छ । २ हजार १ सय ५६ मतदान स्थल मध्ये १ हजार २ सय २९ वटा मतदान स्थल अतिसम्वेदनशील, ७ सय २९ सम्वेदनशील र १ सय ४७ वटा मतदान स्थल मात्रै सामान्य सूचीमा राखिएको मधेश प्रहरी कार्यालयले जनाएको छ । मधेश प्रदेशका करिव ९० प्रतिशत मतदान स्थल सम्वेदनशील सूचीमा राखिएको छ ।

निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा गराउन प्रदेशमा १३ हजार नेपाल प्रहरीसहित करिव ४० हजार सुरक्षाकर्मी परिचालन गरिएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक सुमन कुमार तिम्लसिनाले जानकारी दिए ।

चुनावको सुरक्षाको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिदै प्रवक्ता तिम्लसिनाले भने,‘सबै मतदान स्थलहरुमा सुरक्षाकर्मी पुगि सकेका छन् भने सीमावर्ती क्षेत्र र ग्रामीण क्षेत्रमा प्रहरीको पेट्रोलियम गस्तीका साथसाथै सादा पोशाकमा सुरक्षाकर्मी परिचालन गरिएको छ ।’

चुनावका लागि तीन घेरामा सुरक्षा व्यवस्था मिलाइएको छ, उनले भने,‘ पहिलो घेरामा नेपाली सेना, दोस्रो घेरामा सशस्त्र प्रहरी र मतदान स्थलमा नेपाल प्रहरी परिचालन गरिन्छ ।’ गत स्थानीय तहको निर्वाचनमा मतपेटिका लुटिएको तथा झडप भएको जिल्लाहरुको सुरक्षा व्यवस्थाको जिम्मेवारीमा वरिष्ठ प्रहरी उपरीक्षकहरुलाई पठाइएको उनले बताए । सर्लाही र रौतहट जिल्लाको चुनावी सुरक्षा व्यवस्था मिलाउन वरिष्ठ प्रहरी उपरीक्षक खटाइएको उनले बताए ।

यता, मतदानको पूर्व सन्धयामा मधेश प्रदेशका प्रहरी प्रमुख डिआइजी मकसुद आलम खाँको नेतृत्वमा ४ वटै सुरक्षा निकायका अधिकारीहरुले शुक्रवार ८ वटै जिल्लाको सुरक्षा व्यवस्थाको अनुगमन र निरीक्षण गरेका छन् । सुरक्षा अधिकारीहरुको टोलीले हेलिकोप्टरमार्फत ८ वटै जिल्लाको सुरक्षा व्यवस्थाको अवस्था बारे जानकारी लिएको प्रवक्ता तिम्लसिनाले बताए ।

# सचिव सिंहलाई निर्णय बदर गरी स्पष्टीकरण माग

**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचन आयोगले शहरी विकास मन्त्रालयका सचिव रमेश सिंहलाई स्पष्टीकरण माग गरेको छ ।

शुक्रबार आयोगले निर्णय गरेको सात वटा विभिन्न योजनाहरू बदर गरी स्पष्टीकरण बुझाउन माग गरेको छ ।

मन्त्रालयले यही मंसिर १ गते सचिव स्तरीय निर्णयबाट विभिन्न सात वटा योजनाहरू स्वीकृत गरेको थियो । बहुवर्षीय खरिद गुरुयोजना स्वीकृत गर्ने गरी मन्त्रालयले गरेको निर्णय बदर गरी सोको जानकारी मंसिर ३ गते बिहान ११ बजेसम्म निर्वाचन आयोगलाई गराउन निर्देशन दिएको छ । आयोगले लिखित स्पष्टीकरण पेश गर्न पनि मन्त्रालयलाई पत्र काटेका छन् ।

निर्णय बदर नगरी स्पष्टीकरण नबुझाए निर्णय गर्ने अधिकारी उपर निर्वाचन आयोग नेपालबाटै कारबाही प्रक्रिया अगाडि बढाइने चेतावनी दिइएको छ । आयोगले कुन कुन विषयमा के के निर्णय गरिएको बारे पनि जानकारी गराउन अनुरोध गरेका छन् ।

‘सचिवस्तरीय निर्णयानुसार वहुवर्षीय योजना स्वीकृत गर्ने कार्य निर्वाचन आचारसंहिता, २०७९ को प्रतिकूल हुँदैन भन्ने आधार कारण के छ ?,’पत्रमा लेखिएको छ,‘सचिव रहेको व्यक्तिबाट अमुक राजनीतिक दलका उम्मेदवारलाई हित हुने गरी निर्वाचन आचारसंहिता, २०७९ को दफा ४ को खण्ड (न), दफा ५ को खण्ड (ख) र दफा ७ को खण्ड (ग) को प्रतिकूल हुने गरी बहुवर्षीय खरिद गुरुयोजना स्वीकृत गरिएको देखिएकोले तपाईंलाई आयोगबाट निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र ऐ. ऐनको दफा ४४ बमोजिम कारबाही गर्नु नपर्ने कारण के छ ?’

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुन पानीले मिचिमिचि हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।
- जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राय कांग्रेसबाट निकालिए

**टुडे समाचारदाता**

मलंगवा । नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य जंगीलाल राय यादवलाई पार्टीले साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको छ ।

नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिका संयोजक आनन्दप्रसाद ढुंगानाले शुक्रबार एक विज्ञप्ति जारी गर्दै यादवलाई कारबाही गरिएको जनाएका छन् ।

सर्लाही क्षेत्र नं. २ को प्रदेशसभा १ मा कांग्रेस र गठबन्धन दलबीच भएको सहमतिबमोजिमको कार्यनगरेकोभन्दै यादवलाई पार्टीले यसअघि नै स्पष्टीकरण सोधेको थियो ।



नेता यादवले समयभित्र आफ्नो रायसहितको स्पष्टीकरण नबुझाएकाले उनलाई नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) बमोजिम पार्टी सदस्यता समेत नरहने गरी कारबाही गरिएको केन्द्रीय अनुशासन समितिका संयोजक ढुंगानाले जानकारी दिए ।

# यादवलाई पार्टीबाट निष्कासन

**टुडे समाचारदाता**

मलंगवा । नेकपा माओवादी केन्द्रले मधेश प्रदेश कमिटी सदस्य शिव पुजन यादवलाई साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्कासन गरेको छ ।

माओवादी केन्द्र मधेश प्रदेशका इन्चार्ज गणेश साहले विज्ञप्ति जारी गर्दै यादवलाई पार्टीको सदस्य समेत नरहने गरी कारबाही गरेको जनाएका छन् ।



यादवले गठबन्धनका उम्मेदवारविरुद्ध बागी उम्मेदवारी दिएका उम्मेदवारको चुनावी प्रचारमा गएको र पार्टीले सोधेको स्पष्टीकरणकोसमेतजवाफनदिएकाले पार्टीबाट निष्कासन गरिएको विज्ञप्तिमा उल्लेख छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८